जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ७७ • २०७९ साल साउन २० गते शुक्रबार (5 August, Friday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# प्रतिनिधि र प्रदेश सभाको मंसिर ४ गते एकै दिन चुनाव

**टुडे समाचारदाता**

काठमाण्डु ।सरकारले मंसिर ४ गते प्रतिनिधि र प्रदेशसभाको चुनाव देशैभरि एकै चरणमा गर्ने निर्णय गरेको छ।मन्त्रिपरिषद्को विहीबार बसेको बैठकले मंसिर ४ गते प्रतिनिधि र प्रदेशसभाको निर्वाचन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहेका सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जनाएका छन् ।

निर्वाचन आयोगसँगको परामर्शमा सरकारले निर्वाचनको मिति घोषणा गर्ने संवैधानिक व्यवस्था छ। निर्वाचन आयोगले मंसिर २ गते निर्वाचन गर्न सरकारलाई यस अघि सिफारिस गरेको थियो ।

सत्तासीन गठबन्धन दलका शीर्ष नेताहरुबीच बुधवारको छलफलमा मंसिर ४ गते निर्वाचन गर्ने सहमति भएको थियो ।सो अनुसार नै मन्त्रिपरिषद्को बैठकले निर्णय लिएको मन्त्री कार्कीले बताए ।

सरकारले चुनावको मिति घोषणा गर्नु स्वभाविक भएको उल्लेख गर्दै प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी ओलीले भने, 'तर अझै पनि ढुक्क हुन सकिँदैन ।' पत्रकारहरूसँग विहीबार कुरा गर्दै सत्तारुढ गठबन्धनले बहानाबाजी गर्न सक्ने आशंका व्यक्त गरे ।

सरकारले प्रतिनिधि र प्रदेश सभाको निर्वाचन देशैभरि एकैदिन गर्ने निर्णय निर्वाचन आयोगको सल्लाह अनुसार नै गरेको छ।

प्रतिनिधिसभाका लागि १ सय ६५ जना प्रत्यक्ष र १ सय १० जना समानुपातिक प्रणालीबाट गरी २ सय ७५ जना निर्वाचित हुनेछन् ।देशको ७ वटा प्रदेशसभाका लागि प्रत्यक्षतर्फ ३ सय ३० जना र समानुपातिकतर्फ २ सय २० गरी ५ सय ५० जना निर्वाचित हुनेछन् ।

प्रतिनिधिसभाको गत निर्वाचनमा प्रत्यक्षतर्फ ९ वटा राजनीतिक दलबाट १ सय ६४ जना निर्वाचित भएका थिए। हुम्लामा १ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका थिए ।

Affiliated to CTEVT
SEE उतिर्ण विद्यार्थीहरुलाई फारम भर्ना आवहान गरिन्छ ।
ADMISSION OPEN
1 डिप्लोमा इन सिभिल इन्जिनियरिङ ३ वर्ष
2 डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ ३ वर्ष
3 PCL HEALTH LAB TECHNICIAN ३ वर्ष
फारम बुझाउने अन्तिम मिति २०७९-४-२६
प्रवेश परीक्षा मिति २०७९-५-४
PRE DIPLOMA IN
1 सिभिल सब-ओभरसियर १८ महिना
2 इलेक्ट्रिकल सब-ओभरसियर १८ महिना
3 अमिन नापी तालिम १८ महिना
छात्रवृत्तिको व्यवस्था



CENTRAL ENGINEERING COLLEGE (NTI)
जनकपुरधाम(रामानन्द चोक देखि दक्षिण राजमार्गको पश्चिम विजय भवन)
Tel: 041527336 ,9801124336, 9854024600, 9854029897, 9801048617
Email: centralegg@gmail.com

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरुबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल रकारको विभिन्न स्वास्थ्य ंस्थामा काम गर्न एवं लोकेवा आयोगको परीक्षामा ामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवायी परिषद्ले तोकेको कार्यक्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल ञ्चालन वा काम गर्न किने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुका ाथै नेपालमै Bachelor in Dental Surgery (BDS)/MBBS पढ्न पाइने (+2 Science को मकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ श्रावण २६ गते सम्म
प्रवेश परिक्षा २०७९ भाद्र ४ गते शनिवार बिहान ११ बजे देखि
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851

सही तरिकाले मास्क प्रयोग गर्ने विधि

मास्क कसरी लगाउने ?
१. हात राम्रोसँग धुने
सफा फेस मास्क छुनुअघि राम्रोसँग साबुन पानीले हात धुने अथवा सेनिटाइजरको प्रयोग गर्ने ।
२. तपाईंको अनुहारमा मास्क राख्नुहोस्
मास्कको सेतो रङको भाग अनुहारतर्फ ल्याउनुहोस् । मास्कको अर्को भाग अन्य रङको हुन्छ, प्राय निलो रङको हुने गर्छ र सेतो डोरीलाई कान पछाडि ल्याएर अड्याउनुहोस् ।
३. नाकमा परेको भागलाई थिच्नुहोस्
नाकमाथि परेको मास्कको भागलाई हल्का थिच्नुहोस् ।
४. मास्कलाई चिउँडो मुनि तान्नुहोस्
मास्कको तल्लो भागलाई चिउँडो मुनि तान्नुहोस् । निश्चित गर्नुहोस् कि मास्कले सधैँ तपाईंको नाक र मुख पुरै ढाक्दछ ।
५. मास्कलाई नछुनुहोस्
एक पटक तपाईंले आफ्नो अनुहारमा मास्क राम्रोसँग राख्नु भएपछि फेरी नछुनुहोस् । मास्क छोएमा केवल भाइरस सर्ने जोखिम बढ्दछ ।

मास्क कसरी फुकाल्ने ?
६. सावधानीपूर्वक मास्कलाई हटाउनुहोस्
केवल मास्कको किनार र कानको पट्टीहरू छोएर तपाईंको अनुहारबाट मास्क हटाउनुहोस् । मास्कको अगाडि नछुनुहोस्, किनकि त्यो दुषित हुन सक्छ ।
७. मास्कलाई फोहोर फाल्ने भाँडोमा फाल्नुहोस्
मेडिकल मास्क एक पटक मात्र प्रयोग गर्न मिल्छ / सकिन्छ । एक पटक मास्क हटाएपछि त्यसलाई फोहोर फाल्ने भाँडोमा फाल्नुहोस् ।
८. आफ्नो हात धुनुहोस्
मास्कको प्रयोग गरिसकेपछि आफ्नो हात साबुन पानीले धुनुहोस् ।

मुखियापट्टी मुसहरनिया गाउँपालिका
तुलसीयाही जब्दी, धनुषा, मधेश प्रदेश

गोर्खा EXTRA स्ट्रङ्ग
सानो बोतलमा EXTRA दम




साहसीको लागि समर्पित

## चार फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न मुद्दामा फरार चार प्रतिवादीलाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा अपहरण तथा शरीर बन्धक मुद्दामा २०७७ असार १८ गते मुद्दा दर्ता भइ घटना पश्चात फरार रहेका प्रतिवादी शहिदनगर न.पा.३ यदुकुवा बस्ने ६५ बर्षीय अमेरिका देवी पासवानलाई ईलाका प्रहरी कार्यालय यदुकुवा खटिएको गस्ति टोलीले यदुकुवा बजारबाट नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि धनुषा जिल्ला अदालत जनकपुरमा पठाईएको छ ।

त्यस्तै ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटि गएको टोलीले बिगो मुद्दामा ५३ हजार जरिवाना तोकिएको फरार प्रतिवादी क्षीरेश्वरनाथ न.पा.वडा नं.३ मा बस्ने ५० वर्षीय मनोज कुमार सिंह लाई पक्राउ गरी आवश्यक कारवाहीकोलागि जिल्ला अदालतमा पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

त्यस्तै प्रहरी चौकी धनौजीबाट खटिएको टोलीले अपहरण शरीर बन्धक तथा जबर्जस्ती करणी मुद्दामा फरार रहेको प्रतीवादी धनुषा धनौजी गा.पा.४ बस्ने १९ वर्षीय रोहित मण्डललाई उनकै घरबाट नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि धनुषा जिल्ला अदालत जनकपुरधाममा पठाईएको छ ।

जिल्ला प्रहरी परिसर जावलाखेल ललितपुरमा बैकिङ्ग कसुर मुद्दा दर्ता भई फरार रहेका प्रतिवादी जिल्ला धनुषा ज.उ.म.न.पा. वडा नं. २० रुपैठा वस्ने अं.वर्ष ३७ को संजय कुमार झालाई जिल्ला प्रहरी कार्यालयवाट खटिएको विशेष अनुसन्धान टोलीले उनकै घरबाट पक्राउ गरी जिल्ला प्रहरी परिसर जावलाखेल ललितपुरमा पठाईएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## जनता आवासको योजना अधुरो

**राकेश यादव**

रौतहट । विभिन्न पालिकामा निर्माण भइरहेको मधेश प्रदेश सरकारका जनता आवासको कार्यक्रम अलपत्र अवस्थामा रहेको छ । रौतहट जिल्लामा विगत २ बर्षदेखि जनता आवास कार्यक्रम अन्तर्गत निर्माण भइरहेको दलित समुदायको घर समयमा निर्माण नहुँदा पाल मुनि बस्न बाध्य भएका छन् ।

राजदेवी नगरपालिकाका वड़ा नम्बर १ पथरा टोलमा बसोबास गर्ने डुम समुदायका ७ जनाको घर अधुरो रहेको हुँदा घरमा बस्न अप्ठ्यारो भएको पीड़ितहरुले जनाएको छ। स्थानीय वड़ा नम्बर ७ मूडवालबामा ४ जना डुम जातिको घर विगत बर्ष देखि अलपत्र नै रहेको छ । जनता आवास योजनाको अध्यक्ष रहेका प्रदेश सांसद बाबुलाल साह कानुको अवधिमा शुरू भएको आवास निर्माणको कार्य अलपत्र अवस्थामा रहेको छ ।

जिल्लामा करिव ११ सय दलित विपन्न परिवारको घर बनाउने कार्य शुरुवात गरिएको थियो तर हाल सम्म निर्माण कार्य सम्पन्न नहुँदा दलितहरु घर विहीन भएका छन् । वर्षातको समयमा पाल तानेर बस्नु पर्ने पीड़ित जगदीश मलिकले बताए। भएको घर पनि तोडिएको छ नयाँ घर पनि अधुरो छाड़ि दिंदा परिवारलाई बस्न कठिन भइरहेको उनको गुनासो छ ।

उपभोक्ता समितिलाई पटक पटक निर्माण गर्न अनुरोध गर्दा पनि कुनै वास्ता नगरेको आरोप उपेन्द्र मलिकको रहेको छ। वड़ा नम्बर १ निवासी जगदीश मल्लिक,उपेन्द्र मलिक,नरसिंह मल्लिक , गणेश मलिक ,अमिन्द्र मलिक र कुष्मि देवी मलिका घर निर्माण भई रहेको छ !

राजदेवी ७ निवासी गीता मल्लिक , संजय मलिक , आमिर मलिक सहित ५ जनाको घर अधुरो रहेको छ। पहिलो किस्ताको रकम निकासा भए पनि घर निर्माणको कार्य सम्पन्न नगरिएको कारण खुल्ला आकाश मुनि बसेर गुजारा गर्नु परिरहेको दुखेसो उनीहरुको रहेको छ। प्रदेश सरकारको जनता आवास कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा निर्माण शुरू गरेका सहदेव साह कानुको घर पनि अधुरो नै छोडिएको छ। असार महिनामा २ नम्बर इट प्रयोग गरी निर्माणको कार्य शुरू गरेका समितिले पहिलो किस्ताको रकम समेत निकालेर सम्पर्कविहीन भएको पीड़ितले बताएका छन् ।

प्रदेश सांसद बाबुलाल साहले आफ्नो अवधिमा निर्माण कार्य शुरू गरेको र सरकारले पहिलो किस्ताको रकम मात्रा दिएको कारण निर्माण कार्य सम्पन्न हुन नसकेको बताएका छन् । उनले संघीय सरकार समयमा रकम नदिदा योजना अधुरो रहेको दावी गरे । मधेश प्रदेश सरकारको जनता आवास योजनामा व्यापक रुपमा आर्थिक अनियमितता भएकोले छानबिन गर्नुपर्ने अवस्था रहेको छ। रकम निकालेर अहिले सम्म लाभकारीहरुको घर निर्माण नगरेकोले उक्त योजनाको गहन रुपमा छानविन हुनु पर्ने मांग पीड़ितहरुको रहेको छ।

## फरार अभियुक्त भारतबाट पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपूर्वा नगरपालिका वडा न-३ वस्ने १९ वर्षीय सुशील रायको हत्या गरी फरार भएका दुई अभियुक्तलाई प्रहरीले सार्वजनिक गरेको छ। पक्राउ पर्नेहरुमा मृतककै साथी हरिपूर्वा नगरपालिका वडा न-३ बस्ने १८ वर्षीय अजयकुमार यादव र १९ वर्षीय कृष्ण भन्ने विश्वजित यादव रहेका छन् । उनीहरू दुबैजनालाई भारतबाट पक्राउ गरी सार्वजनिक गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवम् डिएसपी बिजय यादवले जानकारी दिएका छन् ।

गत साउन १३ गतेदेखि हराइरहेको मृतक रायको शव साउन १६ गते धनकौल स्थित श्री राष्ट्रिय आधारभूत विद्यालयको कम्पाउण्डको पश्चिमतर्फ रहेको पुरानो शौचालयको सेफ्टी ट्याङ्कीमा टाउको,कन्चट,घाँटी तथा हातमा धारिलो हतियार प्रयोग गरी काटेर कर्तव्य गरी हत्या गरेको अवस्थामा बरामद भएको थियो । प्रहरीको प्रारम्भिक अनुसन्धानमा अभियुक्तद्वय अजय र विश्वजित लागूऔषध सेवन गरिरहेका बेला सामान्य विवाद भएपछि सुशीलको हत्या गरेको खुलेको छ। उनीहरुको पुरानो पारिवारिक विवाद समेत रहेको



प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको सर्लाही प्रहरीका प्रवक्ता एवं डिएसपी बिजय यादवले बताएका छन् । दुवै अभियुक्तविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गरी जिल्ला अदालत सर्लाहीबाट ६ दिनको म्याद थप गराएर अनुसन्धान भइरहेको प्रवक्ता यादवले जनाएको छ।

## कानून विपरीत निमित प्रमुख प्रशासकीय अधिकृतको बहाली

**सिकेन्द्र पासवान**

कलैया । सिम्रौनगढ नगरपालिकाका नगर प्रमुख किशोरी प्रसाद कलवार नियम, कानून, विधि प्रक्रिया समेतलाई वेवास्ता गर्दै प्रमुख प्रशासकीय अधिकृत हरिओम प्रसाद जयसवाललाई काज फिर्ता गरेका छन् । स्थानीय सरकार संचालन ऐन समेतलाई वेवास्ता गर्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्नुपर्ने सरुवा निमित हाकिम तोक्ने काम समेत नगरप्रमुख कलवारले गरेको देखिएको छ। पत्र संख्या ०७९/८० को चलानी नम्बर ५१ को पत्र मार्फत नगरप्रमुख कलवारले प्रमुख प्रशासकीय अधिकृत जयसवालको काज सरुवा र आर्युवेद कार्यालय सिम्रौनगढका कबिराज निरीक्षक वीरेन्द्र साहलाई निमित प्रमुख प्रशासकीय अधिकृतको रुपमा बहाली गरेका छन् ।




केही दिन अगाडि जिल्ला प्रशासन कार्यालय बारामा सिम्रौनगढ नगरपालिकाको कुनैपनि काम गर्दा कार्यपालिकाको निर्णय गरेर अगाडि बढने लिखित सहमति गरेका नगरप्रमुख कलवारले कार्यपालिकामा कुनै जानकारी नै नदिई आफू खुसी आफ्नो एकल निर्णयले प्रमुख प्रशासकीय अधिकृत जयसवाललाई काज फिर्ता गर्ने निर्णय गरेका हुन् । नगरप्रमुख कलवारको निर्णयबाट नगरपालिकाको शिर निहुरिने काम भएको वडा नम्बर ४ का वडाअध्यक्ष अवधेश सहनीले बताए ।

निमित प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी पाएका साहले यो भन्दा अगाडि आफूलाई निमित प्रमुख प्रशासकीय अधिकृतबाट हटाएको भनेर जयसवाल माथि सर्वोच्च अदालतमा मुद्दा दायर गरेको हुँदा सो मुद्दा अहिले सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा मुद्दाको छिनोफानो नभएसम्म निमित प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा बस्न नपाउने कानूनी प्रवधानलाई, अदालतको सम्मानलाई समेत वेवास्ता गर्दै निमित अधिकृतको कुर्सीमा अर्को ठाँउमा पद बहाल गर्नुले पनि उनी पदलोलुप भएको व्यक्ति हो भने प्रष्ट हुन्छ वडा नम्बर ३ का वडाअध्यक्ष उजिउल्लाह अंसारीले भने ।

यो भन्दा अगाडि पनि पदको लोभमा साह विवादमा फस्दै आएको पात्रको रुपमा परिचित रहेका छन वडाअध्यक्ष उजिल्लाहले बताए। यता नगरप्रमुख कलवारले हाकिम नभएको अवस्थामा जेष्ठताका आधारमा साहलाई निमित हाकिमको जिम्मेवारी दिएको बताएका छन् ।

## काल बन्दै पानी तान्ने विद्युतीय मोटर

**टुडे समाचारदाता**

राजविराज । घरको आंगनमै रहेको ट्युवेलमा जडान गरिएको पानी तान्ने मोटरमा करेन्ट लागेर सप्तरीको कञ्चनरुप नगरपालिका-६ घोघनपुरकी २० वर्षीया अंजली सरदार र उनका ४२ वर्षीय काका ससुरा सौदानन्दको बुधबार साँझ ज्यान गएको छ ।

सात महिनाकी गर्भवती समेत रहेकी अंजलीलाई करेन्ट लागेको देखेर बचाउन गएका सौदानन्दको पनि करेन्ट लागेर ज्यान गयो। अघिल्लो दिन मंगलबार पनि सप्तरीको राजगढ गाउँपालिका-२ कमलपुरका ५६ वर्षीय शिवशंकर साहको आंगनमा रहेको टेयुवेलमा जडान गरिएको पानी तान्ने मोटरमा



करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको थियो। खेतीपातिको सिजन सुरु भएसँगै तराई मधेशका गाउँघरमा घरायसी कामदेखि खेतीपातीसम्मको काममा विद्युतीय पानी तान्ने मोटरको सर्वाधिक प्रयोग हुन्छ। तर, सोको जडान र प्रयोग बारे सम्पूर्ण ज्ञान नहुँदा करेन्ट लागेर वर्षेनी मृत्यु हुने प्रयोगकर्ताको संख्या बढ्दै गएको छ।

डिएसपी माधवप्रसाद काफ्लले पछिल्लो दुइ दिनमा मात्रै करेन्ट लागेर तीन जनाको ज्यान जानु असावधानीको परिणाम भएको बताए । ट्युवेलमा मोटर जोडेर पानी तान्ने क्रममा अपनाउनु पर्ने सावधानी नअपनाउदा यस्तो दुःखद घटना दोहोरिने गरेको नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्सालीको भनाइ छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार गत आर्थिक वर्ष ०७८/७९ मा करेन्ट लागेका ४० वटा घटना भएका छन्। जसमध्ये चार महिला, दुई बालक र ६ पुरुष गरी १२ जनाको मृत्यु भएको छ। आर्थिक वर्षको पहिलो महिनामै थप तीन जनाको पनि पानी तान्ने विद्युतीय मोटरमा करेन्ट लागेर ज्यान गएको छ। वर्षेनी यस्ता घटना भइरहेपनि यस बारे सरोकारवाला पक्ष गम्भीर हुन नसकेको बताइएको छ।

## लागूऔषध सहित दुई पक्राउ

**टुडे समाचारदाता**

मलंगवा।लागूऔषधनियन्त्रण ब्यूरो वीरगञ्जले लागूऔषध बेचबिखनमा संलग्न २ जनालाई सर्लाहीको हरिवनबाट पक्राउ गरिएको छ । पक्राउ पर्नेहरुमा हरिवन नगरपालिका वडा न-३ बस्ने ४२ वर्षीय रत्न मोक्तान र सोही ठाउँ बस्ने २८ वर्षीय दिपक श्रेष्ठ रहेका छन् ।

विशेष सूचनाको आधारमा बुधबार हरिवन-४,गणेश चोक स्थित पूर्व पश्चिम लोकमार्गमा खटिएको लागूऔषध नियन्त्रण ब्यूरो शाखा वीरगञ्जको प्रहरी टोलीले पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्र.२-०२-००४ प ९३८८ नम्बरको मोटरसाइकललाई रोकेर चेकजाँच गर्ने क्रममा मोटरसाइकलको पछाडि लुकाइ छिपाइ ल्याएको डायलेक्स डि.सी




१०० एम.एल को बोतल-१०० थान फेला पारेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

लागूऔषध ल्याउने दुबैजनालाई फेलापारेको लागूऔषध र मोटरसाइकलसहित नियन्त्रणमा लिइ थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीका प्रवक्ता एवं डिएसपी बिजय यादवले जनाएको छ।

## थप ७६० मा कोरोना सङ्क्रमण

**टुडे समाचारदाता**

काठमाण्डु। देशभर पछिल्लो २४ घण्टामा सात सय ६० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय पाँच हजार नौ सय २६ को परीक्षण गर्दा उक्त संख्यामा सङ्क्रमण पुष्टि भएको हो।

हालसम्म नेपालमा पिसिआर विधिबाट गरिएको परीक्षणमा नौ लाख ८८ हजार आठ सय २१ र एन्टिजेनविधिबाट गरिएको परीक्षणमा एक लाख ४३ हजार सात सय ९२ मा कोरोना भाइरस पुष्टि भएको छ। पछिल्लो समय थप ३२४ जना सङ्क्रमणमुक्त भएसँगै सङ्क्रमणमुक्त हुनेको संख्या नौ लाख ७१ हजार २५० पुगेको छ।

नेपालमा यस सङ्क्रमणबाट हालसम्म मृत्यु हुनेको संख्या ११ हजार नौ सय ६९ पुगेको छ । यस रोगका कारण पछिल्लो समय थप एक जानको ज्यान गएको छ।

त्यसैगरी पछिल्लो समय ४७ हजार तीन सय ४१ जनाले खोप लगाएका छन् । हाल सक्रिय सङ्क्रमितको संख्या पाँच हजार छ सय दुई पुगेको छ । होम आइसोलेशनमा पाँच हजार चार सय ४०, संस्थागत आइसोलेशनमा एक सय ६२ र सघन उपचार कक्ष (आइसियु) मा ४४ जनाको उपचार भइरहेको छ।

## समयसीमा बढाउन माग

**टुडे समाचारदाता**

कलैया। मतदाता नामावलीमा नाम समावेश हुन बाँकी रहेकाहरुको नाम समावेश गराउन समयसीमा बढाउन माग गरिएको छ। राष्ट्रिय दलित पत्रकार संघ नेपाल र दलित सरोकार मञ्च नेपाल सप्तरीको आयोजनामा सो माग गरिएको छ।

मतदाता नामवलीमा छुटेका दलित, महिला, जन्मसिद्ध नागरिकता भएका व्यक्ति, सिमान्तकृत समुदायका व्यक्तिहरुलाई बढी भन्दा बढी कसरी सहभागिता गराउन सकिन्छ सो सो पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

निर्वाचन कार्यालय, ईलाका प्रशासनहरुमा एक जना कर्मचारीको भरमा फारम भर्ने, रुजु गर्ने, फोटो खिच्ने जस्ता कामकाजले गर्दा भीडभाड बढी




भइ एक हप्ता सम्म पालो नै नपर्ने गरेका कारणले पनि मतदातामा ती बर्गहरुको नाम छुटन गएको जानकारी गराइएको थियो।

निर्वाचित वडाअध्यक्ष,पालिका प्रमुखहरुले आफ्नो नजिकका व्यक्तिहरुलाई काखी च्यापी मतदाता नामवालीमा नाम समावेश गराउनुको साथ साथै राजनीतिक दलहरुको पहुँचको आधारमा समेत कामकाज भएको हुँदापनि धेरै जनाको मतदाता नामावलीमा नाम छुटेको गुनासो गरिएको थियो।

खेतीपातीको समयदेखि शुरु भएको हुँदा खेतीपातीमा लागेको हुँदा मतदाता अभियानमा गरिब, दलित समुदायका व्यक्तिहरुको नामावली छुटेको जनाइएको छ।


### तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : पारिवाहिक सुख । |
| मिथुन | : भ्रमण अवसर हुने । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : बौद्धिक क्षमता । |
| वृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

### महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



खोला थुनेर पानीको जोहो गरिँदै । धान रोपाइँ गर्न दाङमा प्रसस्त पानी नपरेका कारण खेतीपाती गर्न किसानलाई मुस्किल भएको छ । *तस्बिर : रासस*

# मध्यपुरथिमिमा घरघर र चोकचोकमा थुप्रियो फोहोर



भक्तपुर । मध्यपुरथिमि नगरपालिकाको कार्यालय नजिकै पाटी विहार अगाडि दुई सातादेखि फोहोरको डंगुर थुप्रिएको छ । धैरै वर्ष फोहोर फाल्ने ठाउँको रुपमा रहेको सो क्षेत्रमा केही महिना अगाडि मात्रै सफाई गरेर नगरपालिकाले निषेधित क्षेत्रको ब्यानर टाँगेर फोहोर फाल्न मनाही गरेको थियो ।

नगरपालिकाको त्यो व्यबस्था एक महिना पनि टिकेन । स्थानीयले साँझ बिहान बोरा र झोलामा ल्याएका फोहोर त्यहीँ फाल्न थालेपछि नगरपालिका कार्यालयको नाकै अगाडि फोहोरको डङ्गुर थुप्रिएको छ । सम्पदा क्षेत्रको रुपमा रहेको पाटी विहार, नेपाली कांग्रेस मध्यपुरथिमि नगर समितिको कार्यालय, कांग्रेस नगर सभापतिको घरसँगै तीन सातादेखि फोहोरको डङ्गुर लाग्दा त्यस क्षेत्रमा अहिले दुर्गन्ध फैलिएको छ ।

एकातिर वर्षामा अविरल परेको पानीले दिनानुदिन कुहिएर गन्हाउन थालेको र अर्कोतर्फ भुस्याहा कुकुरले फोहोरका बोरा र प्लाष्टिक च्यातेर सडकमा छरपष्ट गर्दा पैदल हिँड्नेलेसमेत सास्ती भोग्नुपरेको छ । “दुर्गन्धले बस्नै नसकिने भएको छ”, स्थानीय श्यामलाल बस्यालले भन्नुभयो । स्थानीयले दैलो अगाडि जथाभावी फोहोर फाल्नु, नगरपालिकाले फोहोरको डङ्गुरको व्यवस्थापन नगर्नु र ठेक्कामा प्रतिघर मासिक रु तीन सय ५० मा फोहोर सङ्कलन गर्दै आएको निजी क्षेत्र नेप्से म्याकले जिम्मेवारी बहन नगर्दा जनताले सास्ती खेप्नुपरेको छ । उहाँ भन्नुहुन्छ, “जथाधावी फोहोर फाल्ने यहाँका जनता पहिलो दोषी हुन्, नगरपालिकाभित्रको फोहोर व्यबस्थापन गर्न नसक्ने र निजी क्षेत्रलाई फोहोर सङ्कलनलाई दबाब दिन नसक्ने नगरपालिका अर्को दोषी हो, फोहोर सङ्कलन गर्ने जिम्मा लिएर उपभोक्तासँग मासिक रकम असुल्ने नेप्से म्याक पनि दोषी हो, यहीँ फोहोरका कारण महामारी फैलिए त्यसको जिम्मेवारी कसले लिने ?”

मध्यपुरथिमि नगरपालिका-५ सङ्गम कोलोनी क्षेत्रका बासिन्दा उत्तिकै पीडित छन् । यस क्षेत्रको फोहोर उठाउने जिम्मेवारी लिएको नेप्से म्याकले विगत दुई महिनादेखि नियमित रुपमा फोहोर सङ्कलन गरेको छैन । सातामा दुई दिन फोहोर सङ्कलन गर्दै आएपछि दुई महिनायता सातादेखि १० दिनमा आउने गरेपछि अहिले तीनसातादेखि फोहोर सङ्कलन गर्न नआउँदा फोहोर स्थानीयले जथाभावी फाल्न थालेका हुन् ।

पछिल्लो समय कुहिने र नकुहिने फोहोर छुट्याएर राखे पनि फोहोर सङ्कलन नै गर्न नआए पछि घरघरमै फोहोर कुहिएर किरा परेर दुर्गन्ध फैलिन थाले पछि जथाभावी फोहोर फाल्न थालिएको स्थानीय बताउँछन् । सङ्गम कोलोनीका विष्णुप्रसाद पराजुली नेप्से म्याकले लापर्बाही गरेको बताउनुहुन्छ । हरेक महिना पैसा लैजाने तर फोहोर नलग्ने कार्य गलत भएको भन्दै फोहोर सङ्कलनको जिम्मेवारी लिएको नेप्से म्याकले कम्तीमा कुहिने फोहोर सङ्कलन गरेर मल उत्पादन गर्ने वा डम्पिङ गर्ने व्यवस्था गर्नुपर्नेमा उपत्यकामा फोहोर उठेको छैन भन्दै जिम्मेवारीबाट पन्छिने गरेको पराजुली बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, “नेप्से म्याकलाई पटक पटक फोहोर सङ्कलन गर्न आउनु भनेर फोन गरिसक्यौँ, त्यहाँका कर्मचारी उपत्यकाको फोहोर नउठी हामी लैजादैनौँ घरमै राख्नुस् भन्छन्, कुहिने फोहोरले घर गन्हाउन थालिसक्यो, भाडामा बस्नेले कहाँ राख्नेफोहोर,फोहोरकोव्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिका र नेप्से म्याकको हो, दुवै निकायले गैरजिम्मेवारीपन देखाए ।”रासस

# विस्थापितका लागि राहत सहयोगको आह्वान

काठमाण्डु । सप्तकोसी नदीले ३४ वर्षपछि मानवीय बस्ती बसेको उदयुपरको बेलका नगरपालिकाका धेरै वडा छुँदै धार फेर्‍यो । हजारौँ घर परिवार प्रभावित भए । झण्डै आठ हजार हेक्टरमा नदी पसेको छ ।

स्थानीय पालिका, प्रशासन कार्यालय सुरक्षाकर्मी तथा विभिन्न सङ्घ संस्थाको सहयोगमा एक हजार बढी परिवारको फसेको स्थानबाट उद्धार गरेको छ । बेलका नगरपालिकाका प्रमुख अशोक कार्कीले प्रभावितका लागि विभिन्न क्षेत्रमा आश्रयस्थल निर्माण गरी व्यवस्थापन गरिएको जानकारी दिनुभयो ।

उदयपुरका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले आफूहरू अहिले पनि फिल्डमा खटिएर अनुगमन गरी प्रभावितका लागि आवश्यक व्यवस्थापनमा जुटेको बताउनुभयो । उहाँका अनुसार अहिले बहाव कम भएकाले व्यवस्थापनमा केही सहज भएको पनि जानकारी दिनुभयो ।

सप्तकोसीको भङ्गालो पसेर प्रभावित भएका हजारौँ स्थानीयवासीका लागि राहत सहयोग गर्न सरकारी तथा गैरसरकारी संस्था र व्यवसायीलाई आह्वान पनि गरिएको छ । उनीहरूका लागि अस्थायी आश्रयस्थल निर्माण, राहत तथा खाद्यान्न र टेन्टलगायतका अत्यावश्यक सामग्री आवश्यक भएकाले विभिन्न निकायलाई सहयोगका लागि आह्वान गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखरेलले जानकारी दिनुभयो ।

राहत सङ्कलन र वितरणलाई एकद्वार प्रणालीमार्फत परिचालन गर्नेगरी आवश्यक व्यवस्थापन गरिएको जनाइएको छ । बुधबार सप्तकोसी नदीको एउटा भङ्गालो उदयपुरको बेलका नगरपालिकाको डुम्रिबोटबाट तटबन्ध फुटाउँदै दक्षिण पश्चिम क्षेत्र पस्दा उक्त नगरपालिकाका १, २, ३, ८ र ९ वडाका करिब दुई हजार घरपरिवार प्रभावित भएका थिए । उनीहरूमध्ये एक हजार परिवारलाई उद्धार गरिएको थियो भने अन्य स्थानीयवासी आफैँ घर छाडेर सुरक्षित स्थनमा पुगेका थिए ।

***सप्तकोसीको भङ्गालो पसेर प्रभावित भएका हजारौँ स्थानीयवासीका लागि राहत सहयोग गर्न सरकारी तथा गैरसरकारी संस्था र व्यवसायीलाई आह्वान पनि गरिएको छ । उनीहरूका लागि अस्थायी आश्रयस्थल निर्माण, राहत तथा खाद्यान्न र टेन्टलगायतका अत्यावश्यक सामग्री आवश्यक भएकाले विभिन्न निकायलाई सहयोगका लागि आह्वान गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखरेलले जानकारी दिनुभयो । राहत सङ्कलन र वितरणलाई एकद्वार प्रणालीमार्फत परिचालन गर्नेगरी आवश्यक व्यवस्थापन गरिएको जनाइएको छ ।***

उक्त क्षेत्रमा हालसम्म कुनै मानवीय क्षति भने भएको छैन । धान, मकैलगायतका खेतीबालीमा क्षति पुगेको छ । बाढीबाट प्रभावित करिब एक हजार घरपरिवारको उद्धार गरी सुरक्षितस्थलमा सारिएको पनि उहाँले जानकारी दिनुभयो । उद्धार गरिएका नागरिकको आवश्यक व्यवस्थापनका लागि टेन्ट तथा अन्य बन्दोबस्तीका सामान पठाउने क्रम जारी रहेको पनि उहाँले बताउनुभयो ।

प्राधिकरणको समन्वयमा बेलायत सरकार र केयर नेपालले विस्थापितका लागि खाद्यान्न खरिद गर्न रु छ लाख तथा सरसफाइका सामान, स्यानिटरी प्याड र आधारभूत सेल्टरका सामग्रीका लागि रु ११ लाख राष्ट्रिय किसान समूह महासङ्घमार्फत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको प्राधिकरणले जानकारी दिएको छ ।

बेलकाका नगर प्रमुख कार्कीको संयोजकत्वमा तीनै तहका सरकारका प्रतिनिधि, सुरक्षा निकाय र सरोकारवालाबीचको आकस्मिक बैठकले बेलका र बराहक्षेत्र नगरपालिकाका नगर-प्रमुखको संयोजकत्वमा नेपाल रेडक्रस सोसाइट, वडाध्यक्षलगायत आवश्यतानुसार पदाधिकारी सहभागी हुने गरी खोज, उद्धार, पुनःस्थापना तथा विपद् व्यवस्थापन समिति गठन गरेको छ ।

बैठकले नदीले पुर्‍याएको तथा पुर्‍याउन सक्ने थप क्षति आधिकारिक सूचना सम्प्रेषण गर्न सूचना संयन्त्र निर्माण गर्ने पनि निर्णय पनि गरेको छ । सप्तरीका सप्तकोसी र कञ्चनरुप नगरपालिकाका प्रभावित हुनसक्ने वडाका बासिन्दालाई सतर्क रहन अनुरोध गरिएको छ ।

**विभिन्न क्षेत्रमा आश्रयस्थल निर्माण**

प्रभावितका लागि बेलका-९ धौरीमा पाँच सय घरपरिवार, ८ का एकता, चिलिया र दुर्गामन्दिर टोलमा पाँच सय घरपरिवार, वडा नं ३ बुधबारे, गणना र शुक्रबारेमा पाँच सय परिवारका लागि आश्रयस्थल बनाइएको छ ।

यस्तै बानडाँडा, रामनगर, नारायणपुरमा, शिवालयमन्दिर, लालभित्त, भागलपुरमा आठ सय घरधुरीका लागि आश्रयस्थल बनाइएको छ । आवश्यकताअनुसार वडा नं १ को पुरन्दह, वडा नं ८ को डुडखोला सामुदायिक भवन, वडा नं ९ र ३ को खसीबोका सङ्कलन केन्द्र, खानेपानी, क्याम्पस, मचुवाबजार, आदिवासी-जनजाति भवन, सोही वडाकै गलफडिया विद्यालय वडा नं २ को रेडक्रस भवन र जनता माविमा सुरक्षित आश्रयस्थल तयार पारिएको छ ।

राहत सामग्री एकद्वार प्रणालीबाट सङ्कलन गरी एकद्वार प्रणालीबाटै वितरण गर्ने निर्णय गरेअनुसार राहत सङ्कलन थालिएको बेलका नगरपालिकाले जनाएको छ । राहत वितरण गर्दा उदयपुर र सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी वा निजले तोकेका अधिकृत, दुवै नगरपालिकाका नगरप्रमुखको संयोजनमा वितरण गरिने भएको छ ।

त्यहाँ नेपाल रेडक्रस सोसाइटीले एक सय थान त्रिपाल, एक थान रबरबोट, छ थान हेल्मेट उपलब्ध गराएको छ भने खाद्यान्न खरिदमा रु ५० हजार सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

बाढी प्रभावित क्षेत्रका केही स्थानीयले घर छाड्न नमानेकाले मानवीय क्षति हुनसक्ने भएकाले जिल्ला तथा स्थानीय प्रशासनले सबै नागरिकलाई सुरक्षित स्थलतर्फ जान अनुरोध पनि गरेको छ ।रासस

## सप्तकोसीमा पानीको बहावमा उतारचढाव

इनरुवा । सप्तकोसी नदीमा पानीको बहावमा उतारचढाव हुने क्रम जारी छ । गए राति कोसी ब्यारेज भएर प्रति सेकेन्ड दुई लाख ४२ हजार नौ सय ६५ क्युसेकका दरले पानीको बहाव रहेको थियो ।

बिहीबार बिहान ६ बजे दुई लाख २९ हजार तीन सय पाँच क्युसेक प्रतिसेकेन्ड पानीको बहाव रहेको सुनसरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिनुभयो । यसैगरी आज बिहान ८ बजेको मापनअनुसार दुई लाख २८ हजार २५ क्युसेक प्रतिसेकेन्ड पानीको बहाव रहेको छ ।

कोसी ब्यारेजका ५६ मध्ये अहिले ४१ ढोका खोलिएका छन् । कोसी नदी ओभरफ्लो भई उदयपुरको बेलाका नगरपालिका डुम्रीबोटेको बस्तीतर्फ गएको भए पनि कोसी ब्यारेजबाट पानीको बहाबमा भने उतारचढाव हुने क्रम जारी रहेको प्रजिअ यादवले बताउनुभयो ।

सप्तकोसीमा पानीको बहावमा भइरहेको उतारचढावका कारणले श्रीलङ्का टापु, सप्तरीको गोवरगढा, उदयपुरको बेलका नगरपालिकाको डुम्रीबोट र लाखखोचको उत्तरतर्फ जमिन कटान थालेको प्रजिअ यादवले जानकारी दिनुभयो । कटान गरेको क्षेत्रका स्थानीयवासीलाई सुरक्षित स्थानमा लैजान उद्धार टोली तयारी अवस्थामा छ ।

स्थानीयवासीलाई तयारी अवस्थामा बस्नका लागि समेत सूचना जारी गरिएको प्रजिअ यादवले बताउनुभयो । कोसीबाट कुनै किसिमको मानवीय क्षति तथा अन्य क्षति हुन नदिनका लागि स्थानीय प्रशासनले अपनाउनुपर्ने सबै सावधानीका उपाय अवलम्बन गरिएको उहाँले बताउनुभयो ।रासस

# उद्धार र राहतलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने निर्णय

इनरुवा । प्रदेशस्तरीय विपत् व्यवस्थापन समितिको बैठकले सप्तकोसी नदीको कटानले प्रभावितको उद्धार र राहतलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने निर्णय गरेको छ ।

प्रदेश नं १ विपद् व्यवस्थापन समितिका संयोजक प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीको अध्यक्षतामा बसेको बैठकले उद्धार र राहतलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने निर्णय गरिएको सुनसरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो ।

बैठकले कोसी कटानलाई नियन्त्रण गर्ने, बक्रम नदी नियन्त्रण कार्यालयमार्फत तत्काल काम सुरु गर्ने, उद्धार तथा राहतमा प्रदेशस्तरीय विपत् व्यवस्थापन समिति, जिल्लास्तरीय विपत् व्यवस्थापन समिति र नगरस्तरीय विपतव्यवस्थापनसमितिलेसमन्वय गरेर काम गर्ने निर्णय भएको उहाँले बताउनुभयो । त्यस्तै बाढीको जोखिम र प्रभावित भएका बस्तीका स्थानीयवासीलाई हस्तान्तरण गरी सुरक्षित रूपमा बसोबास गराउन वडास्तरीय व्यवस्थापन तथा टोल विकास समितिलाई परिचालन गर्ने निर्णय भएको छ । त्यस्तै सरोकारवाला पक्षसँगको समन्वय र सहयोग लिएर काम गर्ने, अस्थायी बसोबासका लागि विद्यालय, त्रिपाल, खाद्य र गैर खाद्य, शौचालय, सुरक्षाको व्यवस्थापनका लागि कार्य गर्ने निर्णय भएको उहाँले बताउनुभयो ।

बैठकमा प्रदेश नं १ का भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री हिमाल कार्की, उदयपुरका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादव, सुनसरीका प्रमुख जिल्ला अधिकारी यादव, मोरङका प्रमुख जिल्ला अधिकारी काशीराम दाहाल, बेलका नगरपालिका प्रमुख अशोक कार्की, सुनसरी बराहक्षेत्र नगरपालिका प्रमुख रमेश कार्की, सप्तरीको सप्तकोसी नगरपालिका प्रमुख, कञ्चनपुर नगरपालिका प्रमुख, तीन वटै सुरक्षा निकायका प्रमुख लगायतको सहभागिता रहेको थियो ।

बाढीबाट जोखिममा र प्रभावित भएका स्थानीयवासीलाई सुरक्षित स्थानमा ल्याउने कार्य जारी छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी र सेनाको टोली सक्रिय रूपमा उद्धारमा लागि परेको छ ।

यसैबीच सप्तकोसी नदीमा आएको बाढीपीडितका लागि प्रदेश सरकारले राहत सामग्री पठाएको छ । प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले राहत पठाएको हो । बुधबार सप्तकोसी नदी पुरानै धारमा फर्किएर उदयपुरको बेलका नगरपालिकाका पाँच वडाको मानवबस्तीमा प्रवेश गरेर तहसनहस पार्दा एक हजार ५०० घरपरिवार विस्थापित भएका छन् ।

विस्थापितलाई सरकारले उद्धार गरेर सुरक्षित स्थानमा सारिसकेको छ । मन्त्रालयले पीडितका लागि खाद्यान्नलगायत राहतका सामग्री पठाइसकेको छ ।रासस

# सवारी दुर्घटनामा दुई घाइते

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लाको औरही नगरपालिका-१ स्थित बर्दिबास जलेश्वर सडक खण्डमा सवारी दुर्घटना हुँदा दुई जना घाइते भएका छन् ।

घाइते हुनेमा औरही नापा १ बस्ने ३५ बर्षीय ललिता मलिक र मनरा सिश्वा ३ बस्ने ३० बर्षीय प्रमोद ठाकुर रहेको जनाइएको छ ।

औरहीवाट बर्दिबास तर्फ जादै गरेको प्र २-०२-००९ प.६३०४ नम्बरको मोटरसाइकलले दुवै जनालाई ठक्कर दिएको थियो ।

घाइते दुवै जनाको बर्दिबास स्थित अस्पतालमा उपचार भइरहेको र मोटरसाइकल प्रहरीको नियन्त्रणमा रहेको जनाइएको छ ।

# शव बरामद

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिकाबाट प्रहरीले एक बेवारिसे शव वरामद गरेको छ ।

हरिवन नगरपालिका ११ स्थित पाडा बजारमा पहाडी मूलको जस्तो देखिने एक ४० वर्षीय पुरुषको बेवारिसे शव बरामद भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जानकारी दिएको छ ।

बजारमा डुलेर मागी खाँने टुल्कु भनेर चिनिने उक्त व्यक्तिको शवको पहिचान नभएकोले अनुसंधान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।


## गणेशमान चारनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### विरेन्द्रबजार, धनुषा
### मधेश प्रदेश, नेपाल

## करार सेवामा स्वयंसेवक शिक्षक पदपूर्ति गर्ने सम्बन्धमा

(प्रथम पटक प्रकाशन भएको मिति : २०७९/०४/२०)

गणेशमान चारनाथ नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तपसिलमा उल्लेखित पदहरुको लागि खुला प्रतियोगिताबाट करार सेवामा स्वयंसेवक शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलका विवरणहरुको आधारमा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वकको दरखास्त फारम भरी यस नगरपालिकामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | तह | विषय | पद संख्या |
|---|---|---|---|---|
| १ | ०९/०७९/८० | माध्यमिक | अंग्रेजी | १ |
| २ | १०/०७९/८० | माध्यमिक | गणित | १ |
| ३ | ११/०७९/८० | माध्यमिक | विज्ञान | १ |
| ४ | १२/०७९/८० | माध्यमिक | नेपाली | १ |
| ५ | १३/०७९/८० | निम्न माध्यमिक | अंग्रेजी | ४ |
| ६ | १४/०७९/८० | निम्न माध्यमिक | गणित | १ |
| ७ | १५/०७९/८० | प्राथमिक | | ६ |

१. **शैक्षिक योग्यता** : शिक्षक सेवा आयोग नियमावली, २०५७ (दशौं संशोधन) को नियम ९ ले निर्धारण गरे बमोजिमको हुनु पर्नेछ ।

२. **पेश गर्नुपर्ने कागजातहरू** : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रतिलिपि, कार्य अनुभव भए सोको कागजात, पासपोर्ट साइजको ३ प्रति फोटो र न.पा.को राजस्व शाखामा नगद दस्तुर बुझाएको भौचर ।

३. **दरखास्त दस्तुर** : माध्यमिक तहको लागि रु. १०००/-(एक हजार), निम्न माध्यमिक र प्राथमिक तहको लागि रु. ७००/-(सात सय) ।

४. **उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

५. **दरखास्त दिनुपर्ने अन्तिम मिति** : २०७९/०५/०३ गतेसम्म ।

६. **छनौट प्रक्रिया** : लिखित, अन्तरवार्ता तथा प्रयोगात्मक परीक्षा ।

७. **परीक्षा मिति** : पछि प्रकाशन गरिनेछ ।

८. **सेवा सुविधा** : गणेशमान चारनाथ न.पा.को स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ मा व्यवस्था भए बमोजिम प्रा.वि.को रु. १८,०००/-, नि.मा.वि.को रु. २०,००० र मा.वि. तहको लागि रु. २५,०००/- गरी वर्षको १३ महिनाको तलब र वार्षिक रु. ५०००/- पोशाक भत्ता ।

९. **कार्य अवधि** : हाललाई २०८० असार मसान्तसम्म र आवश्यकता तथा कार्यक्षमताको आधारमा करार अवधि थप गर्न सकिनेछ ।

**द्रस्टव्य**: रितपूर्वक पेश नभएको तथा म्याद नाघी दर्ता हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# दोषीलाई उन्मुक्ति नदेउ

मधेश प्रदेश सरकारको प्रदेश गौरवका आयोजना बेटी पढाउ, बेटी बचाउ अभियान अन्तर्गत मधेश प्रदेश सरकारवाट व्यापक अनियमितता भएको भन्दै १० करोड भन्दा बढी रकम बिगो सहित १० जनामाथि मुद्दा दायर गरियो । बेटी पढाउ, बेटी बचाउ अभियान अन्तर्गत प्रदेश सरकारले खरिद गरेको साइकलमा व्यापक अनियमितता भएको भन्दै प्रदेश सरकारका सचिव देखि सप्लायर्स सम्ममाथि मुद्दा दायर गरिए पनि मुख्य दोषी भने अहिले सम्म टाढानै छ । मुख्यदोषी सम्म अख्तियार अहिले सम्म पुग्न सकेको छैन् । प्रदेश सरकारले बेटी पढाउ, बेटी बचाउ अभियान सञ्चालन गर्दा नियतको चौतर्फी प्रशंसा भए पनि बदनियत भने अहिले आएर देखिन पाएको छ । अख्तियारले फाइलको अनुसन्धान गर्दा कर्मचारीहरु मात्रै दोषी देखिए पनि भित्री तह सम्म अनुसन्धान गर्दै जाँदा ठूला माछा पनि समात्न सकिन्छ । प्रदेश सरकारले कुनै तारतम्य नमिलेका कर्मचारीलाई स्पेसिफिकेशन बनाउने देखि साइकल खरिद सम्मकालागि दिल्ली सम्म पठाउनुले प्रदेश सरकारको बदनियत स्पष्ट हुन्छ । स्वच्छता अभियानका सिडिइ भगवान झालाई मुख्यमन्त्रीकै निर्देशनमा बेटी बचाउ, बेटी पढाउ अभियानमा मात्रै साइकल खरिदकोलागि राखिएको थियो । भगवान झालाई पनि अख्तियारले दोषी ठहर गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ । अख्तियारले मधेश प्रदेश सरकारका मुखिया सम्म नपुगे पनि सम्बन्धित अनुसन्धानकर्ता निकायलाई यस कार्यमा लगाउनुपर्ने देखिन्छ । दोस्रो लटमा ठेक्का परेका रेणुका ट्रेडर्सका सञ्चालक रेणु अग्रवालका भाइ राजेश अग्रवलले मुख्यमन्त्री लालबाबु राउत संग खुशियाली समेत साटासाट गरेका थिए भने सो अभियानमा अनियमितता भएको भन्दै प्रदेशका मुख्यन्यायाधिवक्ता दीपेन्द्र झाको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको थियो जसका एक सदस्य समेत माथि मुद्दा दायर गरिएको छ । मुद्दाको सुनुवाई संग संगै सूक्ष्म अनुसन्धानको आवश्यकता देखिन्छ । मात्र कर्मचारीलाई दोष दिएर मुख्य योजनाकार र दोषीलाई उन्मुक्ति दिएर भ्रष्टाचार निवारण हुने होइन् । भ्रष्टाचार निवारणकालागि मुख्य योजनाकार र दोषीलाई कानूनी कठघरामा ल्याउनुपर्ने अहिलेको आवश्यकता हो । भ्रष्टाचारको नामबाटनै आजिज भई सकेका मधेशका जनतालाई यसवाट उन्मुक्ति दिलाई दोषीलाई कानूनी कठघरामा ल्याउनुले मधेशका जनतामा खुशियाली आउने छ । मधेश प्रदेश सरकारको अर्का प्रदेश गौरवका आयोजना स्वच्छता अभियानमा पनि व्यापक अनियमितता भएको छ । पोखरी सौन्दर्यकरणको नाममा व्यापक अनियमितता गरेका प्रदेश सरकारमाथि अनुसन्धान हुनु जरुरी छ । प्रदेश सरकारले स्वच्छता अभियानको नाममा आफू खुशी बाडेको योजनामा व्यापक अनियमितता भएको छ । यसको सूक्ष्म अनुसन्धानको आवश्यकता छ । दोषीलाई उन्मुक्ति दिनु हुँदैन् । मुख्ययोजनाकार देखि कार्यान्वयनकर्ता सम्मलाई सजाय दिनुपर्छ । दोषीलाई सजाय दिनु पर्छ उन्मुक्तिले भ्रष्टाचारले प्रश्रय पाउने भएका कारण यस तिर पनि ध्यान जानु पर्छ ।

# रोजगारी र मुआब्जामा स्थानीय चासो

**प्रकाश अधिकारी**



कर्मचारी सञ्चयकर्ताको मुख्य लगानीमा बन्न लागेको वेतन कर्णाली जलविद्युत् आयोजना (४३९ मेगावाट) को वातावरणीय प्रभावसम्बन्धी अध्ययन कार्य पूरा भएको छ । वातावरणीय प्रभाव मूल्याङ्कन (ईआइए) प्रतिवेदनमाथि प्रवर्द्धक वेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडले सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गरी स्थानीय बासिन्दाहरुको राय-सुझाव सङ्कलन गरेको छ ।

एनइए इञ्जिनीयरिङ कम्पनी लिमिटेडले तयार गरेको अध्ययन प्रतिवेदनलाई आयोजना प्रभावित क्षेत्रअन्तर्गत चार स्थानमा सार्वजनिक गरिएको थियो । ईआइए अध्ययन टोलीले अछामको ढकारी गाउँपालिका-६ ओमगाउँ, तुर्माखाँद गाउँपालिका-४, सुर्खेतको पञ्चपुरी नगरपालिका-७ जङ्गलाघाट र चौकुने गाउँपालिका-६ गुटुमा उक्त प्रतिवेदन प्रस्तुत गरेको थियो ।

सुर्खेतको चौकुने गाउँपालिका-६ का टेकेन्द्र बुढाले अधिकांश परिवारसँग ऐलानी जग्गा भएकाले मुआब्जा नपाउने अवस्था निम्तिने खतरा रहेको बताउनुभयो । 'जग्गा दर्ता थोरैसँग छ, धेरैले वर्षौंदेखि ऐलानी जग्गा उपभोग गरिरहेको अवस्था छ', उहाँले भन्नुभयो, 'आयोजना बन्दा कतै उनीहरुको बिना क्षतिपूर्ति उठिवास हुने त होइन ।' सोही ठाउँका नन्दे दमाईले दलितको ऐलानी जग्गा भएकाले उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने बताउनुभयो । ऐलानी जग्गालाई मुआब्जा नदिँदा सबैभन्दा बढी उठिवास दलित समुदायकै हुने उहाँको भनाइ छ । अर्का स्थानीयवासी सुमन सापकोटाले आयोजनाले वातावरणीय प्रभाव रोक्ने उपाय र प्रभावित क्षेत्रका युवालाई रोजगारीमा जोड्ने योजनाबारे प्रष्ट पार्नुपर्ने बताउनुभयो ।

चौकुने गाउँपालिकाका अध्यक्ष खड्कबहादुर विकले वेतन कर्णाली जलविद्युत् आयोजना पश्चिम सुर्खेतका लागि आशाको सञ्चार भए पनि प्रत्यक्ष प्रभावित बासिन्दालाई कम शेयर छुट्याइएको गुनासो गर्नुभयो । आयोजना छिटो निर्माण हुनुपर्ने भन्दै उहाँले गाउँपालिका आवश्यक सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाउनुभयो ।"सडक र पुल छिटो बनाउनुपर्छ, निर्माण सामग्री हेलिकप्टरबाट ढुवानी गर्नुपर्ने अवस्था रहनुभएन, स्थानीयस्तरबाट हामी सहजीकरण गर्न तयार छौँ, उहाँले भन्नुभयो,"ऐलानी जग्गाको ठूलो समस्या छ, उनीहरुलाई पनि उचित क्षतिपूर्ति दिइयोस् ।

अध्यक्ष विकले स्थानीयस्तरमा उपलब्ध हुने जनशक्तिलाई काममा लगाउन आग्रह गर्नुभयो । त्यसका लागि उहाँले स्थानीय युवालाई छोटो अवधिमा तालिम दिई प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने सुझाव दिनुभयो । साथै उहाँले माछाको जैविक रुटमा असर पर्न सक्ने भन्दै त्यसतर्फ सोच्नुपर्ने बताउनुभयो । आयोजनामा २१ किमी लामो जलाशय बन्दा पर्यटकीयस्थल बन्न सक्ने र सडक स्तरोन्नति कार्यलाई प्राथमिकता दिनुपर्ने उहाँको भनाइ छ ।

आयोजनाकाप्रबन्धकउपेन्द्रन्यौपानेलेसार्वजनिक सुनुवाइ कार्यक्रममा दुवै जिल्लाका बासिन्दाले उचित मुआब्जा र रोजगारीलाई मुख्य चासो दिएको बताउनुभयो ।"आयोजना बन्ने भएपछि स्थानीयवासी खुसी नै छन्, सडक बन्दैछ, बिजुली पनि बाल्न पाइने भो भन्ने आशा छ, उहाँले भन्नुभयो,"अहिलेसम्म स्थानीयवासीको कुनै अवरोध छैन, स्थानीय जनप्रतिनिधि पनि आयोजनाप्रति सकारात्मक छन् । हाल निर्माण पूर्वका क्रियाकलाप गरिरहेको यस आयोजनाले जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, बैंक काउन्टर स्थापना गरी खाता खाल्न, बेलिब्रिज निर्माण गर्ने, कन्स्ट्रक्सन पावर जडान गर्न बाँकी छ । अछामतर्फ पहुँच सडक निर्माण भइसकेको छ भने सुर्खेततर्फ सात किमी ट्र्याक खोल्न बाँकी रहेको आयोजनाले जनाएको छ ।

अछामतर्फको जग्गाको मुआब्जा दर निर्धारण भइसकेको र सुर्खेत खण्डमा बाँकी रहेको रहेको छ । आयोजनाले अछामतर्फ एक हजार आठ सय ४४ तथा सुर्खेतमा करिब चार सय रोपनी जग्गा अधिग्रहण गर्नुपर्नेछ । आयोजनास्थलमा बैंक काउन्टर स्थापना गरी असोजसम्म मुआब्जा वितरण गर्ने कम्पनीको तयारी छ । आयोजना प्रमुख न्यौपानेले ऐलानी जग्गाको क्षतिपूर्तिका हकमा मन्त्रिपरिषद्ले निर्णय गर्ने बताउँदै भन्नुभयो,"हामीले ऐलानी जग्गाको विवरण पठाउँछौँ, सरकारले यस्ता अन्य आयोजनालाई दिँदै आएको क्षतिपूर्तिलाई नजीर बनाउँदै उपलब्ध गराउनसक्छ ।

आयोजना प्रमुख न्यौपानेका अनुसार निर्माणका लागि आवश्यक छ मेगावाट बिजुली जडान गरिनेछ । कैलालीको मोहन्याल, सुर्खेतको चौकुने हुँदै आयोजनास्थलमा लैजान ३० किमी प्रसारणलाइन निर्माणका लागि संक्षिप्त वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत हुनुका साथै बोलपत्र आह्वान गर्ने तयारी भइरहेको आयोजनाले जनाएको छ । आयोजनाको मुख्य काम सुरु हुन अझै कम्तीमा एक वर्ष लाग्ने बताइएको छ । यहाँबाट उत्पादित विद्युत् ३३ किमी प्रसारणलाइनमार्फत दोदोधारा स्टेशनमा जडान गर्न प्रसारण लाइन निर्माण र नेपाल विद्युत प्राधिरकणसँग विद्युत् खरिद सम्झौता (पिपिए) को प्रक्रिया पनि अघि बढिसकेको बताइएको छ । वरिष्ठ वातावरणविद् एवं अध्ययन संयोजक सरोज घिमिरेले ईआइए प्रतिवेदनमा स्थानीयवासीका सुझाव र सरोकारहरु समेटिने बताउनुभयो । वन मन्त्रालयलगायतका सरोकारवाला निकायमा उक्त मस्यौदा प्रस्तुत गरिसकेपछि अन्तिम प्रतिवेदन तयार हुनेछ । संयोजक घिमिरेका अनुसार ईआइए स्वीकृत हुन कम्तीमा तीन-चार महिना लाग्नेछ । ईआइए प्रतिवेदन स्वीकृत भएपछि आयोजनाका लागि रुख कटानलगायतका अन्य कार्य गर्न बाटो खुल्नेछ । ईआइएमा बाँध, विद्युतगृह, जलाशय, पानीको बहाव कम हुने क्षेत्र, निर्माण शिविर, निर्माण सामग्री उत्खनन्, उत्खनन् सामग्री बिसर्जन क्षेत्र, विष्फोटक पदार्थ भण्डारण क्षेत्रको स्थिति अध्ययन गरिएको थियो । भौतिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक वातावरणीय पक्षको अध्ययन गरिएको थियो । आयोजनाबाट वनजङ्गलको क्षय हुने, माटोको गुणस्तरमा ह्रास आउने, वन्यजन्तुको संख्या घट्न सक्ने, जलीय प्रजातिको बासस्थानमा ह्रास आउन सक्ने नकारात्मक प्रभाव पर्ने अध्ययनले देखाएको छ ।

सकारात्मक प्रभावहरु रोजगारीको अवसर सिर्जना, बजारमा समुदायको पहुँच बढ्ने, जीविकोपार्जनमा सुधार हुने, शेयर साझेदारीको अवसर, स्थानीय बजारको आकार र पहुँच बढ्ने, पूर्वाधार विकास हुनेछन् । त्यसका लागि क्षतिपूर्ति, सुधारात्मक एवं रोकथामका उपायमार्फत वातावरणीय प्रभाव न्यूनीकरण गर्न सकिने प्रतिवेदनमा उल्लेख छ ।

**यस्तो बन्नेछ आयोजना**

विद्युत्को अधिकतम माग हुने समयमा सञ्चालन गर्ने उद्देश्यका साथ निर्माण गर्न लागिएको यो अर्धजलाशययुक्त आयोजना हो । आयोजनाको ड्याम (बाँधस्थल) अछामको ढकेरी गाउँपालिका-६ मालुमेला तथा सुर्खेतको चौकुने गाउँपालिका-६ र पावरहाउस (विद्युत्गृह) अछामको ढकारी गाउँपालिकामै पर्ने टटालीघाटमा रहनेछ । डाइभर्सन टनेल चौकुने गाउँपालिका-६ मा पर्दछ । मुख्य पावरहाउसबाट ४३०.२ मेगावाट र वातावरणीय बहावबाट थप ८.८ मेगावाट विद्युत् उत्पादन हुनेछ । १७२.७५ मिटर लम्बाइ र ९० मिटर उचाइका बाँध (ड्याम) प्रस्ताव गरिएको छ । बाँधमा छ/छ वटा गेट राखिनेछ । बाँधको पानीलाई दुई किमी लम्बाइ र आठ मिटर व्यासका तीन वटा सुरुङबाट विद्युत् उत्पादन गृहसम्म पुर्‍याइनेछ । बाँधदेखि दुई किमी तल भूमिगत विद्युतगृह बन्नेछ ।

पावर हाउसमा ७१.६८ मेगावाटका छ वटा टर्वाइन रहनेछन् । आयोजनाका लागि बाँध निर्माण गर्नुपूर्व कर्णाली नदीलाई ९.८ मिटर ब्वस, पाँच सय ८४ मिटर तथा सात सय २७ मिटर लम्बाइका दुई वटा डाइभर्सन टनेलबाट मोडिनेछ । मालुमेलामा एक सय ४० मिटर अग्लो बाँधबाट २१ किमी लामो कृत्रिम ताल बन्नेछ ।

कर्मचारी सञ्चयकोषमा रकम जम्मा गर्ने करिब छ लाख सञ्चयकर्ताको सञ्चित रकममा कोषबाट प्राप्त हुने प्रतिफललाई जलविद्युत् क्षेत्रको विकासमा लगानी गर्न कोषले आयोजना निर्माण गर्न लागेको हो । शेयर संरचनाअनुसार कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ता कर्मचारीको ४० प्रतिशत, कर्मचारी सञ्चय कोषको १५ प्रतिशत, नेपाल विद्युत् प्राधिकरणको १० प्रतिशत, विद्युत् उत्पादन कम्पनी लिमिटेडको १० प्रतिशत, प्रभावित बासिन्दाको १० प्रतिशत, सर्वसाधारणको १३ र आयोजना प्रभावित क्षेत्रका अतिविपन्न परिवारको दुई प्रतिशत शेयर स्वामित्व रहने व्यवस्था गरिएको छ ।

रु ८८ अर्ब लागत रहेको यो आयोजना पाँच वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य छ । यहाँबाट उत्पादित विद्युत्ले पहिलो वर्ष रु १४ अर्ब ५० करोड ३१ लाख १२ हजार तथा निर्माण सम्पन्न भएको नौ वर्षपछि रु १८ अर्ब ३७ करोड २१ लाख आठ हजार वार्षिक आय हुने अनुमान गरिएको छ । नेपाल विद्युत् प्राधिकरणको स्वामित्वमा रहेको इञ्जिनीयरिङ कम्पनी लिमिटेडले सन् २०१७ अक्टोबरदेखि यसको अध्ययन थालेको थियो ।

# 'जहाँ किशोरीलाई निःशुल्क प्याड दिइन्छ'

**लक्ष्मी भण्डारी**

पहिलेपहिले महिनावारी हुँदा फोहर र लगाउन नमिल्ने झुत्रो कपडाको जोहो गर्नुहुन्थ्यो वीरेन्द्रनगर १२ की मुना गौतमले । फोहर र लगाउन नमिल्ने कपडालाई सानो सानो टुक्रा बनाई महिनावारीको समयमा प्रयोग गर्ने गरेको उहाँले बताउनुभयो । 'महिनावारी भएको बेला कुनामा फालेको टाला (कपडा) लगाउने गर्थ्यौं' गौतमले भन्नुभयो, 'त्यो पनि घाम पर्ने ठाउँमा सुकाउन हुँदैन भनेर घाम नपर्ने र कसैले नदेख्ने ठाउँमा सुकाउनुपर्थ्यो । एक पटक धोएर राखेको र राम्रो सँग नसुकेको कपडा लगाउँथ्यौं ।'

महिनावारीको समयमा पुराना कपडालाई प्याडको रुपमा प्रयोग गर्दै आउनुभएकी मुना आजभोलि नियमित रुपमा सेनेटरी प्याड प्रयोग गर्न थाल्नुभएको छ । "स्वास्थ्य चौकीबाट प्रत्येक महिना प्याड लैजाने गरेकी छु" मुनाले भन्नुभयो, "प्याड प्रयोग गर्न थालेपछि यही सजिलो लाग्ने रहेछ ।"

महिनावारीको समयमा सफा कपडा प्रयोग गर्नुपर्छ भन्ने विषयमा उहाँलाई जानकारी थिएन । त्यतिमात्र होइन, महिनावारीका विषयमा खुलेर बाहिर कुराकानी गर्न सक्नु हुन्थेन । महिनावारीलाई धार्मिक रुपमा मात्र बुझ्दै आउनुभएकी उहाँले अहिले सरसफाईका रुपमा पनि बुझ्न थाल्नुभएको छ । उहाँ भन्नुहुन्छ, "यस्तो बेलामा सरसफाईमा ध्यान दिनुपर्ने रहेछ । छोरीहरूलाई पनि बारम्बार यस्तै भन्ने गरेकी छु ।"

मुना जस्तै वीरेन्द्रनगरका महिलाले भने पछिल्लो समय महिनावारीका समयमा प्रयोग गर्दै आएका झुत्रा र फोहोर कपडा त्यागेर सेनेटरी प्याड प्रयोग गर्न थालेका छन् । सोही गाउँकी तुलसी खत्री घर नजिकै रहेको स्वास्थ्यचौकीबाट नियमित रुपमा सेनेटरी प्याड लैजाने गर्नुभएको छ । कोरोना महामारीका कारण भएको बन्दाबन्दीका समयमा पनि स्वास्थ्य चौकीले महिलालाई प्याड वितरण गरेको थियो । "पहिला पुराना कपडालाई प्याडको रुपमा लगाउने गर्थे । पोहोर सालबाट स्वास्थ्यचौकीमा आएर प्याड लैजान थालेकी छु", तुलसीले भन्नुभयो ।

उहाँलाई महिनावारीको बेलामा सफा प्याड प्रयोग गर्नुपर्छ भन्ने विषयमा जानकारी भएपनि महिनापिच्छे प्याड किन्नलाई पैसा हुँदैनथ्यो । 'बुबासँग प्याड किन्छु पैसा दिनुहोस् भन्न पनि नसकिने र पढ्ने विद्यार्थी भएकाले आफूसँग पैसा पनि नहुने', उहाँले भन्नुभयो, "हरेक महिना स्वास्थ्य संस्थामा आएर प्याड लैजाने गरेकी छु ।"

बन्दाबन्दीका बेलामा पनि स्वास्थ्यचौकीबाट निःशुल्क प्याड पाएकामा खुशी व्यक्त गर्नुहुन्छ वीरेन्द्रनगरकी पवित्रा चौलागाई । "पहिले पुरानै कपडालाई प्रयोग गर्दै आएका थियौं" उहाँले भन्नुभयो । गत वर्षदेखि वीरेन्द्रनगर नगरपालिकाले निःशुल्क सेनेटरी प्याड वितरण गरेपछि महिला र किशोरी खुशी भएका छन् ।

प्याड लिन आउने महिलाहरू नियमित रुपमा आफ्नो स्वास्थ्य जाँच गराउँदा उनीहरूको स्वास्थ्यमा सकारात्मक प्रभाव परेको अहेब जमुना भण्डारी बताउनुभयो । नगरपालिकाले निःशुल्क प्याड वितरण कार्यक्रमले महिलामा महिनावारीको सचेतनाका साथै स्वास्थ्यप्रति सजगता अपनाउन थालेको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "स्वास्थ्यचौकीमा आएको बेलामा आफ्ना प्रजनन् स्वास्थ्यका विषयमा पनि जानकारी लिने गरेका छन् ।"

यता वीरेन्द्रनगर-१२ का वडाध्यक्ष चुडामणि चपाईले प्याड वितरणले महिनावारी स्वच्छतामा सकारात्मक प्रभाव पारेको बताउनुभयो । निःशुल्क प्याड वितरणको कार्यक्रमले सरसफाईमा ध्यान दिनुपर्छ भन्ने चेतनाको विकास गराएको उहाँको भनाइ छ ।



महिनावारी स्वच्छता कार्यक्रमलाई प्रभावकारी बनाउन निःशुल्क रुपमा प्याड वितरण गर्दै आएको नगरपालिकाका प्रमुख मोहनमाया ढकालले बताउनुभयो । प्याड वितरणसँगै महिनावारी स्वच्छताका विषयमा सचेतना गराउने उद्देश्यले कार्यक्रम सुरुवात गरिएको उहाँको भनाइ छ । "महिनावारीको विषयमा जोडिएको नकारात्मक धारणा हटाउनुका साथै स्वच्छ महिनावारी हुनुपर्छ भन्ने सचेतना गराउनु कार्यक्रमको उद्देश्य हो" ढकाल भन्नुहुन्छ, "प्रायः महिला स्वास्थ्य जाँचका लागि स्वास्थ्यचौकी जाने प्रचलन छैन । त्यसैले स्वास्थ्यचौकीमार्फत प्याड वितरण गर्दा उनीहरू स्वास्थ्यचौकीमा जाने र स्वास्थ्य जाँच गराउन सक्छन् भनेर यो कार्यक्रम ल्याएका हौं ।"

अब हरेक माध्यामिक विद्यालयमा किशोरी समूह गठन गरेर कार्यक्रमलाई थप प्रभावकारी बनाउने नगरपालिकाको योजना छ । नगरका सबै विद्यालयमा प्याड उत्पादन गर्ने मेसिनको व्यवस्था गर्ने तयारी भएको छ । "मेसिनको व्यवस्था भएमा किशोरीहरू महिनावारीको बेलामा प्याडको लागि आफैँले निकाल्न सक्छन्" नगर प्रमुख ढकालले भन्नुभयो ।

नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेटबाट निःशुल्क प्याड उपलब्ध गराउँदै आएको छ । अहिले वीरेन्द्रनगर नगरपालिकाका १६ वडामा रहेका स्वास्थ्य संस्थाबाट प्याड उपलब्ध गराइँदै आएको छ । यसका लागि नगरपालिकाले रु २० लाख विनियोजन गरेको छ ।

सुत्केरी अवस्थाका महिलालाई पनि यसले मद्दत पुर्‍याउने उपप्रमुख ढकालको भनाइ छ । महिनावारी स्वाच्छताका विषयमा नगरका स्वास्थ्य स्वयंसेविकाहरूले सचेतना गराउनुका साथै प्याड प्रयोगको विषयमा पनि जानकारी दिएका छन् । वीरेन्द्रनगर नगरपालिकाले हाल १८ वटा स्वास्थ्य संस्थाबाट सेनेटरी प्याड वितरण गर्ने गरेको छ । नगरपालिकाका स्वास्थ्य शाखाका अनुसार हालसम्म १७ हजार बढी महिलाले उक्त सेवा लिएका छन् ।

वीरेन्द्रनगरस्थित नगर अस्पतालमा कार्यरत नर्सिङ इन्चार्ज सीता आचार्यले प्याड वितरणपछि महिनावारीको समयमा सरसफाईमा ध्यान दिनुपर्ने कुराको विकास भएको बताउनुहुन्छ । स्वास्थ्य संस्थाबाट प्याड वितरण गर्न थालेपछि महिलालाई सहज भएको उहाँको भनाई छ । "महिनावारीका बेलामा सबैभन्दा बढी फोहोर भएका कपडा लगाउँला सङ्क्रमण भई पाठेघर क्यान्सरसम्म हुने गरेको थियो" उहाँले भन्नुभयो, "यो समस्या कम हुँदै गएको देखिएको छ ।"

महिनावारी स्च्छताको अभियन्तासमेत रहेकी शर्माले पछिल्लो समय महिनावारीलाई धार्मिक मात्र नभई सरसफाईका हिसाबले पनि लिने गरेको बताउनुभयो । महिनावारीको समयमा घरबाहिर अलैग्गै बस्ने चलन हटेर घरभित्र रहन थालेको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "विस्तारै मानिसमा यस्ता कुप्रथा हट्दै गएको छ ।"

पछिल्लो समय वीरेन्द्रनगरका केही वडाहरुमा महिला समूहले प्याड निर्माण गर्न समेत थालेका छन् । उन्नाइस जना महिला समूहमा बसेर प्याड बनाउन थालका छन् । सुतीको कपडाबाट उनीहरुले प्याड बनाएका छन् । गत वर्ष वडा कार्यालय र नगरपालिकाले उनीहरुलाई प्याड बनाउने तालिम प्रदान गरेपछि समूह गठन गरेर प्याड बनाउन थालेका हुन् । उनीहरुले महिला उद्यमशील उद्योग निर्माण गरी धमाधम प्याड बनाउने गरेका छन् ।

त्यति मात्र होइन आफुले तालिम सिकेर अन्य महिला समूहमा पनि तालिम दिएको महिला उद्यमशील संस्थाका सदस्य विष्णुकुमारी हमालले बताउनुभयो । "हामीलाई अहिले विद्यालय र अन्य संस्थाहरुले पनि तालिम दिनलाई बोलाउनु हुन्छ त्यहाँ गएर पनि हामीले तालिम सिकायौँ" हमालले भन्नुभयो, "वीरेन्द्रनगरका ठूला संस्था र नगरका १६ वटै वडाका विद्यालयमा गएर पनि हामीले तालिम सिकायौं ।"

तालिमपछि घरमै भएका कपडालाई मिलाएर पनि कतिपयले प्याड बनाउन थालेका छन् । उनीहरुले बनाएको प्याड एकपटक प्रयोग गरिसकेपछि सफा गरेर पुनः प्रयोग गर्न मिल्ने खालको छ । "महिनावारी हुँदा हुने छुवाछुत र भेदभाव पनि महिला हिंसा हो है भनेर हामीले महिनावारी स्वच्छताको विषयमा सचेतनाका कार्यक्रम गर्न थाल्यौ", हमाल भन्नुहुन्छ ।रासस



अर्थमन्त्री जनार्दन शर्मालाई दमकको शैक्षिक पूर्वाधार विकास तथा सञ्चालित राष्ट्रिय गौरव आयोजनाहरुमा बजेट सुनिश्चितताका लागि ज्ञापनपत्र बुझाउनुहुँदै दमक नगरपालिकाका प्रमुख रामकुमार थापा। *तस्बिरः रासस*

# छ 'ब' नीतिलाई कार्यान्वयन गर्न मुख्यमन्त्री शाहीको निर्देशन

कर्णाली । मुख्यमन्त्री जीवनबहादुर शाहीले प्रदेशको विकास र समृद्धिका लागि छ 'ब' नीतिलाई कार्यान्वयनमा ल्याउन जोड दिनुपर्ने बताउनुभएको छ।

प्रदेश सरकारको वार्षिक प्रगति समीक्षा कार्यक्रमका अवसरमा बिहीबार वीरेन्द्रनगरमा आयोजित कार्यक्रममा कर्णालीको विकासका लागि छ 'ब' को अवधारणा पनि नीति तथा कार्यक्रममै समेटिएको उहाँले चर्चा गर्नुभयो।

मुख्यमन्त्री शाहीको भनाइमा छ 'ब' भन्नाले बाटो, बिजुली, वन, बजार, व्यवस्थापन र विचार हो। प्रदेश सरकारले चालु आवको नीति तथा कार्यक्रममा यस विषयलाई समावेश गरेर यहाँको विकासको प्रमुख आधारशिलाका रूपमा लिइएको छ। उहाँले ''समृद्ध कर्णाली सुखारी कर्णालीवासी''को दीर्घकालीन सोचलाई कार्यान्वयन गर्न छ 'ब' को अवधारणा लागू गर्नाको विकल्प नभएको धारणा राख्नुभयो।



"बाटो, बिजुली, वन, बजार, व्यवस्थापन र विचारबिना कर्णालीको समृद्धि सम्भव छैन, बाटो (सडक) बिना त अन्य विकासको कल्पनै नगरौँ", मुख्यमन्त्री शाहीले भन्नुभयो, "कनेक्टिभिटी नै कर्णाली विकासको पहिलो आधार हो, यसको प्रभावकारी कार्यान्वयनतर्फ सबै मन्त्रालय र निकायले ध्यान दिन आवश्यक छ।"

विद्युतीकरणबिना पनि विकासको यात्रा अघि बढ्न नसक्ने उल्लेख गर्दै उहाँले कर्णालीका पाँच जिल्लामा अझै राष्ट्रिय प्रसारण लाइन नपुगेकाले सङ्घीय सरकारसँग मिलेर विद्युतीकरणमा जोड दिनुपर्नेमा जोड दिनुभयो। वन, बहुमूल्य जडीबुटीदेखि उच्च मूल्यका कृषि वस्तुहरूको उर्वर भूमि कर्णाली रहेको बताउँदै मुख्यमन्त्री शाहीले भन्नुभयो, "वन क्षेत्रको संरक्षण, संवर्द्धन गर्दै यसको उपयोगमा ध्यान दिनुपर्नेछ, सडक, विद्युत्, सञ्चार, वन स्रोत भएर मात्रै पुग्दैन, यसको बजारीकरण र व्यवस्थापनमा ध्यान दिन आवश्यक छ।"

उहाँले चालु आर्थिक वर्षको पहिलो चौमासिकमा शतप्रतिशत प्रगति गरेर देखाउन र ठूला आयोजनाको भदौ महिनाभित्र बोलपत्र प्रक्रिया सुरु गर्न विभागीय मन्त्री र सचिवहरूलाई निर्देशन दिनुभयो। वार्षिक प्रगति समीक्षा कार्यक्रममा प्रदेश सरकारका आठवटै मन्त्रालयले गरेका काम र आगामी योजनाका बारेमा छलफल हुँदैछ।रासस

# पूर्वमन्त्री घर्तीमगरको 'पुर्खाको चिनो' संग्रह सार्वजनिक

काठमाण्डु । पूर्वमन्त्री बालारामघर्तीमगरलेसङ्कलनगर्नुभएको ऐतिहासिक दस्तावेजहरुको संग्रह 'पुर्खाको चिनो' कृति सार्वजनिक गरिएको छ।




लेखक तथा अन्वेषक हरिप्रसाद सोढारीले सम्पादन गर्नुभएको उक्त पुस्तकमा १९५७ सालदेखीका पुराना पत्र, हस्तलिखित पुस्तक र केही अन्य दस्तावेज समेटिएका छन्।

अनुसन्धानकर्ता, कानुनविद्, राष्ट्रचिन्तक र इतिहासका विद्यार्थीलाई उक्त कृति एकदमै महत्वपूर्ण छ । पाँच खण्डमा विभाजित उक्त पुस्तकमा प्यूठान टुक्रिएर रोल्पा नहुँदैका मालअड्डाका रसिद र तमसुक, मुखिया र जिम्मवालको भूमिका, बाटो र गौडा पार गर्न आवश्यक पर्ने कागज, खुङ्किका राजासम्बद्ध पत्र, विद्यालयदेखि गोल पोल्न चाहिने पत्रको नमूनासमेत समेटिएको छ।

हरेक पत्रको अन्तिममा लेखिएको मिति र त्यसको प्रकारबारे सूचना दिइएको छ। दोस्रो खण्डमा अदालतसम्बद्ध पत्रहरू रहेका छन्। जसले त्यतिबेलाको न्याय एवं कानुनका बहुआयामिक पक्षलाई झल्काउँछ । नेपालीकागजका यी पत्रहरूको शीर्षभागमा प्यूठान अदालत लेखिएको छाप देखिन्छ। कानुन, समाजशास्त्र एवं इतिहासका विद्यार्थीहरूलाई यो खण्ड महत्वपूर्ण देखिन्छ। तेस्रो खण्डमा इस्तिहारहरुलाई समावेश गरिएको छ।

यसबाट त्यतिबेलाको आदेश, कार्यपद्धतिका बारेमा जानकारी प्राप्त हुने छ। यसको शीर्षभागमा नेपाली, अंग्रेजी र उर्दूभाषामा लेखिएका गोलाकार छापको चिन्ह छ। चौथो र पाँचौं खण्डमा पूर्वमन्त्री घर्तीमगरको संग्रहमा रहेका अप्रकाशित ज्योतिष र तन्त्रका ग्रन्थहरू छन् । यी हस्तलिखित ग्रन्थहरूबाट ज्योतिष र तन्त्रले समाजलाई कसरी सुरक्षित र सुसुचित गरेको थियो भन्ने संकेत गर्दछ।

खगोल र भूगोलमा हाम्रो विज्ञान कति परिपक्व थियो भन्ने सूचना उक्त कृतिले दिन्छ। पूर्वमन्त्री घर्तीमगर विगत ६ दशकदेखि राजनीतिमा सक्रिय रहनुभएको छ। उहाँ हालसम्म ११ पटक मन्त्री बनिसक्नुभएको छ।रासस

# जापानी भाषा र सीप परीक्षा उत्तीर्णलाई जापान पठाइने

काठमाण्डु। जापानी भाषा र सीप परीक्षा उत्तीर्ण गरी जापान जाने तयारी अवस्थामा रहेका नेपालीलाई यथाशक्य छिटो पठाउने विषयमा सहजीकरण गर्ने निर्णय गर्दै नेपाल-जापान संयुक्त कार्यसमितिको बैठक सम्पन्न भएको छ । काठमाण्डुमा बिहीबार सम्पन्न बैठकमा जापानको स्पेसिफाइड स्किल वर्कर्स (एसएसडब्लु) प्रणाली कार्यान्वयन गरी नेपाली नागरिकलाई जापानमा पठाउन नेपाल सरकारले निर्माण गर्नुपर्ने कार्यविधि बनाउने विषयमा छलफल भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ।



जापान सरकारले त्यहाँको औपचारिक माध्यमबाट एसएसडब्लु प्रणालीअन्तर्गत नेपालबाट कामदार उपलब्ध हुने विषयको जानकारी रोजगारदातालाई गराउने तथा नेपाल-जापान श्रम समझदारीपत्रमा नेपाल तथा जापानको समसामयिक कानूनी व्यवस्था समेटेर परिमार्जन गर्नुपर्ने भएमा सोको तयारी गर्ने विषयमा छलफल भएको थियो। संयुक्त कार्यसमितिको तेस्रो बैठक जापानमा आयोजना गरिने दुवै पक्षबीच सहमति भएको छ। संयुक्त कार्यसमितिको पहिलो बैठक सन् २०२० को नोभेम्बरमा भर्चुअल माध्यमबाट बसेको थियो। पहिलो बैठकको सहमतिअनुसार जापानमा केयरगिभर, कृषि, निर्माण क्षेत्र र रेष्टुरेन्टमा करिब ८५० नेपालीले रोजगारी प्राप्त गरेका छन्।

सन् २०१९ मा नेपाल र जापानबीच 'स्पेसिफाइड स्किल वर्कर्स' (एसएसडब्लु) प्रणालीअन्तर्गत नेपाली नागरिकलाई जापानमा रोजगारीका अवसर प्रदान गर्नेगरी श्रम समझदारी भएको थियो। सो प्रणालीअन्तर्गत जापानका १४ वटा विभिन्न पेशागत क्षेत्रमा नेपालीले रोजगारी पाउने जनाइएको छ।

बैठकमा नेपालका तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव राजिव पोखरेलको संयोजकत्वमा परराष्ट्र मन्त्रालयका प्रतिनिधि योजना बम्जन, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि हिमालचन्द्र अर्याल, वैदेशिक रोजगार विभागका निर्देशक डम्बरबहादुर सुनुवार र मन्त्रालयका उपसचिव डा थानेश्वर भुसाल र जापानी प्रतिनिधिमण्डलको तर्फबाट सहायक उपमन्त्री चोमुतो नाकागावाको नेतृत्वमा चार सदस्यीय प्रतिनिधिमण्डलले भौतिकरुपमा सहभागिता जनाएको थियो।

जापानका सम्बद्ध निकायका अन्य प्रतिनिधिले भर्चुअल माध्यमबाट सहभागिता जनाएको मन्त्रालयले जनाएको छ। बैठकको शुभारम्भ गर्दै श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले नेपाल-जापान श्रम समझदारी पत्र कार्यान्वयन गरी नेपाली नागरिकलाई जापानमा रोजगारी दिने सम्बन्धमा संयुक्त कार्य समितिको बैठकलाई शुभकामना दिनुभएको थियो।

**जापानी प्रतिनिधिमण्डलद्वारा श्रममन्त्रीसँग भेटवार्ता**

बैठकपछि जापानी सहायक उपमन्त्री चोमुतो नेतृत्वको प्रतिनिधिमण्डलले श्रममन्त्री शेरबहादुर कुँवरसँग भेटवार्ता गरेको छ। भेटमा भाषा परीक्षा उत्तीर्ण भएका र सीप सिकेर बसेका नेपाली कामदारलाई तत्काल जापानमा रोजगारीका अवसर उपलब्ध गराउनेबारेमा छलफल भएको थियो। सो अवसरमा मन्त्री कुँवरले पाँच हजार बढी नेपाली रोजगारीका लागि जापान जाने तयारीमा रहेको जानकारी गराउनुभएको थियो। भेटमा उपमन्त्री चोतुमोले आजको गोष्ठी नेपाली कामदार जापान लैजानका लागि सकारात्मक भएको विश्वास व्यक्त गर्नुभएको थियो।

उहाँले अहिले जापानमा कामदारको माग धेरै भएकाले (एसएसडब्लु) मार्फत पाँच हजार बढी नेपाली कामदार लिनका लागि जापान तयार भएको र श्रम सम्झौता कार्यान्वयनमा ढिलाइ भएकामा चासो व्यक्त गर्दै नेपाली कामदारलाई जापान लैजान भइरहेका समस्या समाधान गरी रोजगारीको बाटो खुला गर्न आफूले सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।रासस

# निर्वाचनको मिति तय भएको छ, हामी खुसी छौं : उपाध्यक्ष नेम्वाङ

बुटवलु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङले निर्वाचनको मिति तय भएकोमा प्रसन्नता प्रकट गर्नुभएको छ। प्रेस चौतारी नेपाल रुपन्देहीले बिहीबार बुटवलमा आयोजना गरेको पत्रकार भेटघाटमा उहाँले भन्नुभयो, निर्वाचनको मिति तय भएको छ, हामी खुसी छौं।




तर यस्ता महत्वपूर्ण विषयमा देशका प्रमुख दललाई थाहा हुनपर्छ।' हाम्रो संविधानले मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरेको जनाउँदै उहाँले हरेक गठबन्धन र तालमेल संसदीय मूल्यमान्यताबमोजिम हुनुपर्नेमा त्यसो हुन नसकेको बताउनुभयो। लोकप्रिय मतका आधारमा गत स्थानीय निर्वाचनमा एमाले पहिलो स्थानमा रहेको प्रसङ्ग उहाँले उल्लेख गर्नुभयो । "हामीले समयमै निर्वाचन घोषणा हुनुपर्छ भनेको थियौं । घोषणा गरेको मितिमा भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुनुपर्छ भन्ने नै हाम्रो चाहना हो। त्यस कुरामा हाम्रो सहयोग रहन्छ', उहाँले भन्नुभयो।

निर्वाचनमा आफ्ना एजेण्डा लिएर जनताका बीचमा जान एमालेले तयारी गरेको जनाउँदै उहाँले आउने निर्वाचनमा जनताको आर्शिवाद रहनेमा विश्वस्त रहेको बताउनुभयो । आवधिक निर्वाचन घोषणा भएको छ अब जनताले फैसला गर्नेछन्। निर्वाचनमा हामीले उत्साहपूर्वक सहभागी हुनुछ', उपाध्यक्ष नेम्वाङले भन्नुभयो।

पार्टीले निर्वाचनको तयारीका क्रममा विभिन्न प्रदेशमा प्रशिक्षण चलाइरहेको बताउँदै उहाँले दृढ विश्वासका साथ जनताका बीचमा जाने तयारीमा रहेको उल्लेख गर्नुभयो।रासस

# निधि र भारतका सडक परिवहन मन्त्रीबीच छलफल

काठमाण्डु । नेपाली कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधि र भारतका सडक परिवहनमन्त्री नितिन गडकरीबीच नेपालको भौतिक पूर्वाधार निर्माणका विषयमा छलफल भएको छ।

सडक परिवहनमन्त्री गडकरीको निवासमा बुधबार भएको छलफलमा कांग्रेस नेता निधिले भारत सरकारले निर्माण अघि बढाएको अयोध्या-भिठ्ठाभोड चार लेन सडक भारतको मधुवनी जिल्लाको गिरिजास्थान (फूलहर) हुँदै नेपालको जटही सीमासम्म थपेर निर्माण गर्न आग्रह गर्नुभयो।

नेता निधिको आग्रहपछि मन्त्री गडकरीले तत्कालै मन्त्रालय र सडक विभागका अधिकारीलाई टेलिफोन गरेर जटही सीमासम्म थप सडक निर्माणलाई मन्त्रालयको कार्यक्रममा राख्न निर्देशन दिनुभएको नेता निधिका प्रेस सल्लाहकार रामजी दाहालले राससलाई जानकारी दिनुभयो।



जटही-जनकपुर-ढल्केवर छ लेनको सडक निधि भौतिक पूर्वाधारमन्त्री भएकै बेला सम्पन्न भएको थियो।

कलकत्ता बन्दरगाहदेखि दरभङ्गा हुँदै नेपालको जटही सीमासम्म वैकल्पिक अन्तर ाष्ट्रिय व्यापारिक मार्ग निर्माण गर्न पनि निधिले मन्त्री गडकरीसँग आग्रह गर्नुभएको छ। मन्त्री गडकरीकै निवासमा नेता निधि र भारतका जलशक्ति मन्त्री गजेन्द्रसिंह सेखावतबीच पनि भेटघाट भएको छ।

भेटमा दुवै देशको सडक, जलस्रोत, ऊर्जा विकास तथा बाढी नियन्त्रण लगायतका विषयमा छलफल भएको छ। मन्त्री गड्गरी र सेखावतसँगको भेटमा निधिसहित भारतका लागि नेपाली राजदूत डा शङ्कर शर्मा पनि सहभागी हुनुभएको थियो। रासस

# सामाजिक विकासमन्त्री बोहराद्वारा सीमानाका अनुगमन

कैलाली। सुदूरपश्चिमप्रदेशका सामाजिक विकासमन्त्री गोविन्दराज बोहराले आज कैलालीसँगै जोडिएको कञ्चनपुरको गौरीफन्टा नाका अनुगमन गर्नुभएको छ।

उहाँले केही दिनयता कोभिड-१९ को सङ्क्रमण बढ्न थालेपछि सीमा नाकामा व्यवस्थित र कडाइका लागि त्यहाँ रहेको हेल्थडेक्स र होल्डिङ सेन्टर अनुगमन गर्नुभएको हो। अनुगमनका क्रममा हेल्थडेस्क र होल्डिङ सेन्टर अलि व्यवस्थित नभएकोले थप सुधार गरिने जानकारी दिँदै मन्त्री बोहराले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएकोले यसबाट बच्न स्वास्थ्य मापदण्डपालना गर्न आग्रह गर्नुभयो।

अनुगमनमा प्रमुख जिल्ला अधिकारी किरण थापा, धनगढी उपमहानगरपालिका नगरप्रमुख गोपाल हमाल, जिल्ला प्रहरी कार्यालयका प्रमुख, सामाजिक विकास मन्त्रालयका जनस्वास्थ्य महाशाखा प्रमुखलगायतको उपस्थिति थियो।रासस


## सूचना ! सूचना !! सूचना !!!

आरोह फर्टिलाइजर्स प्रा.लि., नक्साल, काठमाडौँद्वारा धनुषा जिल्लाको धनुषाधाम नगरपालिका, वडा नं. घ, जानकी निवासमा आरोह फर्टिलाइजर्स उद्योगको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | आरोह फर्टिलाइजर्स प्रा.लि.<br>नक्साल, काठमाडौँ, नेपाल<br>सम्पर्क नंः ९८०८७४७४०५ |
| प्रस्तावको व्यहोरा | यस आयोजना क्षेत्र मधेश प्रदेश, धनुषा जिल्लाको धनुषाधाम नगरपालिका, वडा नं. ३, जानकी निवासमा अवस्थित रहेको छ। यसको भौगोलिक अवस्थिति अक्षांश २६.८३१६४१ उत्तर र ८६.०६३४८५ पूर्व रहेको छ। यस आयोजना २४५५०.७५ वर्ग मिटर क्षेत्रफलको निजी जमीनमा निर्माण तथा संचालन गर्न लागिएको हो।<br>यस उद्योगले नेपालमा नै कृषिजन्य कार्य तथा जैविक प्रविधिको विकासको लागि सहयोग पुर्याउने हिसाबले जैविक मल उत्पादन गर्ने उद्देश्य राखेको छ। यस उद्योगले जैविक मल तथा जैविक किटनाशक उत्पादन गर्नेछ। यस उत्पादनको प्रत्येकको वार्षिक उत्पादन क्षमता १४५० मेट्रिक टन जैविक मल र १४५० मेट्रिक टन जैविक किटनाशक रहेको छ। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | धनुषा जिल्ला,धनुषाधाम नगरपालिका, वडा नं. ३, जानकी निवास |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।


**रायसुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | आरोह फर्टिलाइजर्स प्रा.लि.<br>नक्साल, काठमाडौँ, नेपाल<br>सम्पर्क नंः ९८०८७४७४०५ |
| परामर्शदाताको नाम र ठेगाना | ईको हिलिङ्ग ईन्भाइरोमेन्टल एण्ड ईन्जिनियरिङ्ग मल्टिपर्पज प्रा.लि.<br>गोदावरी, ललितपुर<br>फोन नं. ९८६१३८८१५९<br>ईमेलः nep.nisarga05@gmail.com |

# भारतमा थप १९ हजार सङ्क्रमित

एएनआई

नयाँदिल्ली । भारतमा कोरोना भाइरसबाट थप १९ हजारभन्दा बढी सङ्क्रमित भएका छन् । सरकारी अधिकारीले बिहीबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा १९ हजार ८९३ जना नयाँ सङ्क्रमित भएका हुन् ।



सङ्घीय स्वास्थ्य मन्त्रालयले यसअघि बुधबार सार्वजनिक गरिएको विवरणमा भारतमा नयाँ सङ्क्रमितको सङ्ख्या १७ हजार १३५ रहेको थियो । भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या एक लाख ३६ हजार ४७८ रहेको छ।

मन्त्रालयका अधिकारीका अनुसार भारतमा कोराना भाइरसका कारण अहिलेसम्म पाँच लाख २६ हजार ५३० जनाको मृत्यु भएको छ। पछिल्लो २४ घण्टामा २० हजार ४१९ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन्।

# क्यानाडामा मङ्कीपक्सका ८९० सङ्क्रमित



सिन्ह्वा

ओटावा । क्यानाडामा पनि मङ्कीपक्सका सङ्क्रमित भेटिन थालेका छन् । एक समाचारमा बुधबारसम्ममा यहाँ पनि कम्तीमा ८९० मङ्कीपक्सका सङ्क्रमित पाइएका जनाइएको छ।

यहाँका स्वास्थ्य संस्थाले तीमध्ये चार सय २३ जना ओन्टारियोमा पाइएका जनाइएको छ। यस सहरमा सुरुदेखि नै मङ्कीपक्सको सङ्क्रमण बढेको पाइएको थियो।

क्यानाडाको नेसनल माइक्रोबायोलोजी ल्याबरेटोरीले यस मङ्कीपक्सको सङ्क्रमणको लगत राखेको र यस सम्बन्धमा अनुसन्धान पनि गरिरहेको जनाएको छ। यहाँको सरकारले मङ्कीपक्सका विरुद्धको कम्तीमा पनि ७० हजार खोप लगाउन तयार रहेको र ठूलो सङ्ख्यामा स्वास्थ्यकर्मी पनि खटाइएको जनाएको छ।

पछिल्ला केही महिनामा यो मङ्कीपक्सको सङ्क्रमण विश्वका कैयौँ देशमा पुगेको छ । यसका कारण विश्व स्वास्थ्य सङ्गठनले यसलाई स्वास्थ्य सङ्कटका रुपमा पनि घोषणा गरेको छ।

# राष्ट्रिय स्क्वाश प्रतियोगिता



काठमाण्डु । चौथो धनलक्ष्मी स्मृति राष्ट्रिय स्क्वाश प्रतियोगिताअर्नगत मास्टर खुलातर्फको विधामा दिलीप अधिकारी फाइनल पुग्नुभएको छ।

दिलीप अधिकारीले कर्नेल इन्द्रबहादुर कार्कीलाई २-१ ले पछि पार्दै फाइनल पुग्नुभएको हो । यसैगरी आजै भएको दोस्रो सेमिफाइन खेलको प्लेट च्याम्पियनसिपतर्फको विधामा राजकृष्ण महर्जनले कमल शाक्यलाई ३-१ ले पराजित गर्दै फाइनलमा पुग्नुभयो।

राजकृष्णले कमललाई ४-११, ११-५, ११-९, ११-९ स्कोरले पराजित गर्नुभएको हो । सोही विधाको अर्को खेलमा प्रयाग जोशीले जुनिल शाक्यलाई ३-१ ले पराजित गर्नुभयो । प्रयागले जनिलमाथि १२-१०, ११-३, ८-११, ११-३ को स्कोरले पाखा लगाउनुभयो।

शुक्रबार पुरुष खुला, मास्टर खुला, महिला खुला तथा छात्र यु-१९ विधाका सेमिफाइनल खेल सञ्चालन हुनेछ। प्रतियोगिता यही साउन २१ गतेसम्म सञ्चालन हुनेछ।रासस

# सुडानमा खाद्यान्नको चरम सङ्कट पर्न लागेको संयुक्त राष्ट्रसङ्घको चेतावनी

सिन्ह्वा

खार्तुम । संयुक्त राष्ट्रसङ्घले सुडानमा खाद्य सङ्कट पर्नसक्ने चेतावनी दिएको छ। राष्ट्रसङ्घले यसअघि पनि कैयौँ पटकसम्म यहाँ खाद्य सङ्कट पर्न सक्ने बताउँदै आएको छ।



यहाँ खाद्यान्नको अभाव टार्नका लागि आवश्यक पर्ने अन्तरराष्ट्रिय सहयोग उपलब्ध हुन नसक्ने हो भने छिट्टै नै खाद्यान्नको अभाव पर्ने राष्ट्रसङ्घले जनाएको छ।

राष्ट्रसङ्घको मानवीय सहायतासम्बन्धी निकायले बुधबार सो कुरा बताएको हो । सो निकायले प्रकाशन गरेको विज्ञप्तिमा यहाँ छिमेकी देशहरु दक्षिण सुडान, इरिट्र्या, इथियोपियालगायतबाट शरणार्थी आइरहेका तर खाद्यान्नको प्राप्तिका स्रोत नरहेकाले पनि निकट भविष्यमै सङ्कट पर्नसक्ने जनाएको हो।

यहाँ खाद्यान्न उत्पादन हुन छोडेको र विदेशी दाताहरुबाट प्राप्त सहयोगले मात्र दैनिकरुपमा चल्ने गरेकोले यहाँको अवस्था नाजुक बन्दै गएकोले यहाँका नागरिकमा आन्तरिकरुपमा विस्थापित हुने संख्या पनि बढ्दै गएको पाइएको बताइएको छ।

यहाँ जुनदेखि सेप्टेम्बरसम्म यहाँको करिब एक चौथाई जनसङ्ख्या खाद्यान्नको सङ्कटमा पर्ने देखिएको र अब त्यो भन्दा पनि बढी हुनसक्ने सो संस्थाले जनाएको छ । हाल सुडानमा आन्तरिकरुपमा विस्थापित भएका बाहेक पनि पाँच लाख ५० हजार जना शरणार्थीलाई विश्व खाद्य कार्यक्रमले सहयोग गर्दै आएको छ।

आगामी दिनमा यदि अहिलेजस्तै सङ्कट पर्दै जाने र विदेशी दाताबाट सहयोग प्राप्त नहुने हो भने शरणार्थीलाई दिइँदै आएको सुविधामा पनि कटौती गर्नुपर्ने अवस्था आउने सो कार्यक्रमले जनाएको छ।

# कोरियामा एकैदिन एकलाख सात हजारभन्दा बढी सङ्क्रमित

सिन्ह्वा

सोल । दक्षिण कोरियामा २४ घण्टाको समयावधि अर्थात बुधबार मध्यरातसम्म एक लाख सात हजार आठ सय ९४ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ।

यसैसँगै यहाँका कूल सङ्क्रमितको सङ्ख्या दुई करोड ६० लाख एक सय ५४ पुगेको स्वास्थ्य अधिकारीले बिहीबार बताएका छन्।

अघिल्लो दिनको तुलना कोभिड सङ्क्रमण केही घटेको कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी जानकारी दिएको थियो।

नयाँ केसमध्ये, चार सय ३५ जना आयातीत रहेको जनाइएको छ। यद्यपि ४६ हजार तीन सय २९ जना कोरोनामुक्त भएका छन्।

गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या ३१० पुगेको छ। यस अवधिमा थप ३४ जनाको मृत्यु भएपछि कोरोना शुरुभएबाट हालसम्म कूल मृतक सङ्ख्या २५ हजार १४४ पुगेको छ। कूल मृत्युदर ०.१२ प्रतिशत रहेको छ।

# नवौँ राष्ट्रिय खेलकुदका लागि बैतडीमा खेलाडीको आवेदन खुला

बैतडी । आगामी असोजमा हुने नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि बैतडीबाट सहभागी हुने खेलाडीको आवेदन खुल्ला गरिएको छ । उक्त



प्रतियोगितामा सहभागी हुन चाहने इच्छुक महिला र पुरुष खेलाडीका लागि आवेदन खुल्ला गरिएको हो। उक्त प्रतियोगिताको लागि जिल्लास्तरीय प्रतियोगिता तथा प्रदेशस्तरीय छनोटका लागि खेलाडीको आवेदन खुल्ला गरिएको जिल्ला खेलकुद समितिका प्रमुख तर्कराज जोशीले जानकारी दिनुभयो।

सहभागी हुन चाहने खेलाडीले उक्त प्रतियोगिता सञ्चालन निर्देशिका २०७९ को अनुसूची १ बमोजिम दर्ता फारम भर्नुपर्ने छ। फारम भरेर यही साउन २९ गतेभित्र जिल्ला खेलकुद समितिमा दर्ता गराउनुपर्नेछ । उक्त प्रतियोगिताका लागि विभिन्न १२ खेलमा खेलाडी छनोट गरिनेछ।

जसमा भलिबल, क्रिकेट, कवड्डी, एथ्लेटिक्स, टेबलटेनिस, कराँते, तेक्वान्दो, बक्सिङ, फुल कन्ट्याक्ट कराँते, बुद्धिचाल र फुटबल रहेका छन् । जिल्लास्तरीय छनोट प्रतियोगिता आगामी भदौमा हुने जनाइएको छ। राष्ट्रिय खेलकुद परिषद् को आयोजनामा नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशको पोखरामा हुने तय भएको छ।रासस

# सात खेलाडी सम्मानित




काठमाण्डु । खेलकुद क्षेत्रमा योगदान पुर्‍याएबापत सात खेलाडी 'हाम्रो खेलकुद सर्वकालीन सम्मान' बाट सम्मानित हुनुभएको छ । हाम्रो खेलकुद डट कमको आफ्नो सातौं वार्षिकोत्सवका अवसरमा बिहीबार यहाँ आयोजित एक कार्यक्रममा खेल क्षेत्रमा आआफ्नो समयमा महत्वपूर्ण योगदान गर्नुभएका धावक जीतबहादुर केसी र धावक वैकुण्ठ मानन्धर, फुटबलका राजुकाजी शाक्य, ओलम्पियन तेक्वान्दोकी सङ्गिना वैद्य, तेक्वान्दोकै दीपक विष्ट, क्रिकेटका पूर्वकप्तान पारस खड्का र पौडीकी गौरिका सिंह सर्वकालीन सम्मानबाट सम्मानित हुनुभयो।

सम्मानित खेलाडीले जनही रु २५ हजारसहित सम्मानपत्र प्राप्त गर्नुभयो। सम्मानित व्यक्तित्वलाई सांसद गगन थापा, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङ, नेपाल ओलम्पिक कमिटीका महासचिव नीलेन्द्रराज श्रेष्ठ, काभ्रे बेथानचोक गाउँपालिकाका निवर्तमान अध्यक्ष प्रेमबहादुर तिमिल्सिना, नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी र नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घका अध्यक्ष दीपक श्रेष्ठलगायतले पुरस्कार प्रदान गर्नुभयो।

**जीतबहादुर केसी (एथलेटिक्स)**

केसीले झण्डै पाँच दशकअघि एशियन एथलेटिक्स च्याम्पियनसिपमा कास्यपदक हात पार्नुभएको थियो । फिलिपिन्समा भएको च्याम्पियनसिपको म्याराथनमा केसीले दुई घण्टा ३५ मिनेट ३८ सेकेन्डमा पूरा गर्दै तेस्रो स्थान हासिल गर्नुभएको थियो। उहाँले जित्नुभएको नेपालको त्यो नै पहिलो अन्तराष्ट्रिय पदक हो।

**वैकुण्ठ मानन्धर (एथलेटिक्स)**

सन् १९८४ मा सुरु भएको सागमा मानन्धरले लगातार तीन संस्करणमा म्याराथनमा स्वर्ण पदक जित्नुभएको थियो। सागमा स्वर्ण पदकमा ह्याट्रिक गर्ने उहाँ नै पहिलो नेपाली हुनुहुन्छ । सन् १९८७ मा भएको तेस्रो सागमा उहाँले म्याराथनमा कीर्तिमान रच्नुभएको थियो । त्यतिबेलाको उहाँको दुई घण्टा १५ मिनेट ०३ सेकेन्डको कीर्तिमान अहिलेसम्म भङ्ग हुन सकेको छैन।

**राजुकाजी शाक्य (फुटबल)**

सागको पहिलो संस्करण सन् १९८४ र छैटौँ १९९३ मा फुटबलतर्फ स्वर्ण जित्दा शाक्य टोलीका महत्वपूर्ण सदस्य हुनुहुन्थ्यो । छैटौँ संस्करणमा नेपाली फुटबलले स्वर्ण भित्र्याउँदा उहाँ टोलीको कप्तान हुनुहुन्थ्यो। प्रशिक्षकका रुपमा सन् २०१६ मा भारतमा भएको सागको १२औँ संस्करणमा २३ वर्ष मुनिको फुटबल टोलीलाई उहाँले स्वर्ण दिलाउनुभएको थियो।

**सङ्गिना वैद्य (तेक्वान्दो)**

विश्व खेलकुदको महाकुम्भ ओलम्पिकमा सन् १९६० देखि नेपाली खेलाडीले सहभागिता जनाउन सुरु गरे पनि सङ्गिनाले २००४ को एथेन्स ओलम्पिकका लागि छनोट चरण पार गर्नुभएको थियो । स्वदेशमा आयोजना भएको १९९९ को आठौँ र २००४ को नवौँ सागमा स्वर्णपदक जित्नुभएको थियो । उहाँ तेक्वान्दोकी एशियन च्याम्पियन पनि हुनुहुन्छ।

**दीपक विष्ट (तेक्वान्दो)**

दीपकले स्वदेशमा सन् १९९९ मा आयोजना भएको आठौँ सागदेखि लगातार चार संस्करणमा तेक्वान्दोतर्फ स्वर्ण जित्नुभएको थियो । त्यस्तै उहाँले सन् २००२ र २००६ मा एशियाली खेलकुदमा कास्य जित्नुभएको थियो। छनोट चरण पार गरेर ओलम्पिकमा सहभागिता जनाउने दोस्रो खेलाडीका रुपमा पनि उहाँले बेजिङ ओलम्पिक २००८ खेल्नुभएको थियो।

**पारस खड्का (क्रिकेट)**

पारस नेपाली क्रिकेट इतिहासका सफल कप्तान र खेलाडी हुनुहुन्छ । नेपालले अहिलेसम्म खेलेको एकमात्र टी-२० विश्वकप सन् २० १४ खेल्दा होस् वा सन् २०१८ मा एकदिवसीय मान्यता प्राप्त गर्दा होस् दुवैमा पारस नै टोलीको कप्तान हुनुहुन्थ्यो । अन्तर ाष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को पहिलो उपाधि डिभिजन पाँच हुँदै चार र तीनको उपाधि उहाँकै नेतृत्वमा नेपालले जितेको थियो।

**गौरिका सिंह (पौडी)**

तीन वर्षअघि नैपालमा नै भएको १३औँ सागमा गौरिकाले चार स्वर्ण पदकसहित नौ पदक जित्नुभएको थियो । सागको पौडीतर्फ व्यक्तिगत स्पर्धामा स्वर्ण जित्ने उहाँ पहिलो नेपाली खेलाडी बन्नुभएको थियो।रासस

# क्विन्सल्याण्डमा तीन जनाको गोली हानी हत्या

सिन्ह्वा

सिड्नी । अष्ट्रेलियाको क्विन्सल्याण्ड राज्यमा रहेको प्रहरीले बिहीबार एक ग्रामीण इलाकामा गोली हानी तीन जनाको हत्या गरिएको छ।

स्थानीय समयअनुसार बिहीबार बिहान ९:०० बजे राज्यको उत्तरपूर्वमा रहेको सानो सहर बोगीमा धेरै जनालाई गोली हानी हत्या गरिएको सूचनापछि प्रहरीलाई घटनास्थलमा बोलाइएको थियो।

क्विन्सल्यान्ड प्रहरी टम आर्मिटका कार्यकारी सुपरिटेन्डेन्टले स्थानीय सञ्चामाध्यमलाई बताउनुभयो, हामी सक्रियतापूर्वक त्यस क्षेत्रमा भएका भनिएका हत्याबारे खोजी तथा अनुसन्धान गरिरहेका छौँ।

परिस्थिति के थियो र कसरी यी मानिसहरूलाई गोली हानिएको थियो भन्ने विषयमा हाम्रो प्रारम्भिक अनुसन्धान शुरु भएको छ। '

उहाँले भन्नुभयो, यस अवस्थामा घटनाका लागि को जिम्मेवार छ, हामीलाई थाह छैन हामी किनकि यस अनुसन्धानको प्रारम्भिक चरणमा छौं।'

घटनामा तीन जनाको मृत्यु भएको पुष्टि गरिएको छ र चौथो व्यक्तिलाई गम्भीर अवस्थामा उपचारका लागि अस्पताल पठाइएको छ। वरपरका इलाकाको सर्वेक्षण गर्दा प्रहरीले त्यस इलाका अहिले सुरक्षित रहेको र घटनाबारे अनुसन्धान चलिरहेको जनाएको छ।

# अमेरिका र भारतका विदेशमन्त्रीबीच भेटवार्ता

एएनआई

नोम पेन । अमेरिका र भारतका विदेशमन्त्रीबीच कम्बोडियामा भेटवार्ता भएको छ । दक्षिणपूर्वी एसियाली राष्ट्रको सङ्घ (आसियान)को मन्त्रीस्तरीय बैठकका क्रममा उहाँहरुका बीचमा बिहीबार भेटवार्ता भएको अधिकारीले जानकारी दिएका छन्।



बैठकमा भाग लिन भारतका विदेश मन्त्री एस जयशंकर, अमेरिकाका विदेश मन्त्री एन्टोनी ब्लिन्केनलगायतका नेता कम्बोडियामा हुनुहुन्छ । आफूहरुको भेटवार्ता अति नै राम्रो भएको र समसायिक विषयमा सामान्य छलफल भएको दुवै पक्षका अधिकारीले बताएका छन् । अमेरिकी विदेश मन्त्री ब्लिन्केनले यस भेटलाई आफूले राम्रो अवसरका रुपमा लिएको प्रतिक्रिया दिनुभएको छ। उहाँहरुले खुल्ला तथा स्वतन्त्र इन्डोपेसेफिक र श्रीलङ्का सङ्कटका बारेमा पनि छलफल गर्नु भएको जनाइएको छ। "मेरो लामो समयदेखिको साथी, भारतका विदेश मन्त्री एस जयशङ्करसँग राम्रो भेटवार्ता भयो, हामीले समसामयिक र साझा चासोका विविध विषयमा छलफल गरेका छौँ, सहकार्यलाई बलियो बनाउने बारेमा पनि कुराकानी भयो," ब्लिन्केनले भन्नुभयो।

भारतका विदेश मन्त्री जयशंकर विदेशमन्त्रीका रुपमा १२औँ देशको भ्रमण गर्ने क्रममा बुधबार कोलम्बिया पुग्नुभएको हो। आसियानमा ब्रुनाई, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, म्यानमार, फिलिपिन्स, सिङ्गापुर, थाइल्याण्ड, भियतानमलगायतका देश पर्दछन्।

# श्रीलङ्काका राजापाक्षद्धयलाई देश छाड्न प्रतिबन्धको म्याद थप

एएनआई

कोलम्बा । श्रीलङ्काका दुई नेतालाई देश छाड्न प्रतिबन्ध लगाइएको समयावधिको म्याद थप गरिएको छ।



सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री महिन्दा राजापाक्ष र पूर्वअर्थ मन्त्री बसिल राजापाक्षलाई प्रतिवन्ध लगाउने समयावधिको म्याद थप्ने आदेश बुधबार दिएको हो । उनीहरुलाई आगामी अगस्ट ११ सम्म देश छाड्न नपाइने आदेश दिइएको समाचार जनाइएको छ।

पूर्वराष्ट्रपति गोटावाय राजापाक्षले देश छाडेर भागेपछि अन्य नेताहरुलाई देश छाड्न प्रतिबन्ध लगाइएको हो। गोटावायलाई भने तत्कालिन सरकार र सेनाले नै देशबाट बाहिरिन सहयोग गरेका थिए । अदालतले यसअघि गत जुलाई २८ मा पनि अनुमति विना देश नछाड्न दुवै जनालाई आदेश दिएको थियो।

यसैबीच अपराध अनुसन्धान विभागले मङ्गलबार तीन जनालाई पक्राउ गरेको थियो । पक्राउ गरेका मध्ये एक जना १८ र एक जना २२ बर्षका रहेको खुलेको छ। श्रीलङ्कामा आर्थिक सङ्कटका कारण राजनीतिक सङ्कट पनि उत्पन्न भएको छ।

आर्थिक सङ्कटका कारण सुरु भएको आन्दोलनका कारण राजनीतिक उथलपुथल भएको छ । सङ्कट समाधानका विभिन्न प्रयास भएपनि ठोस उपलब्ध भने हुन सकेको छैन।

# मेक्सिकोमा कोइला खानी भत्किँदा नौ जना फसे

सिन्ह्वा

मेक्सिको सिटी। मेक्सिकोको उत्तरी राज्य कोआहुइलामा अवस्थित एक कोइला खानी नौ जना फसेका छन्। खानीमा कम्तीमा नै व्यक्ति फसेका राष्ट्रपति एन्ड्रेस म्यानुएल लोपेज ओब्राडोरले बुधबार जानकारी दिनुभएको छ।

सबिनास सहरमा खानी भत्किँदा बाढी आएको र खानीमा काम गर्नेहरू फसेका लोपेज ओब्राडोरले ट्वीटकार्फत जानकारी दिनुभएको छ। 'हामी उनीहरूलाई सुरक्षित भेट्टाउने आशा राखेका छौ ' उहाँले भन्नुभएको छ।

उद्धारकर्ता घटनास्थलमा पुगेका छन् र अनुसन्धान भइरहेको छ। यस घटनाको विस्तृत विवरण भने प्राप्त भएको छैन्।

# पर्यटकको सहजताका लागि 'माइ होटल एण्ड होम डटकम'



काठमाण्डु । आन्तरिक तथा बाह्य पर्यटकलाई सहज गर्न देशभरका प्रमुख सहरमा यात्रामा जानुअगावै सजिलै होटल बुकिङ गर्नका लागि दुई युवाले 'माइ होटल एण्ड होम डटकम' बेवसाइटको विकास गरेका छन् ।

मोबाइल फोन वा कम्प्युटरबाट उक्त बेवसाइट लग इन गरेर आफूले चाहेको मूल्य र स्तरको होटल सहजै बुकिङ गर्न सकिनेछ । होमस्टे, होस्टेल, अपार्टमेण्ट वा घरको कोठा पनि बुकिङ गर्न सकिने सुविधा रहेको यसमा सुरुमा उच्च, मध्यम र साना खालका होटलका कोठा बुकिङ गर्न सकिने गरी सेवा सुरु गरिएको होटल एण्ड होम प्रालिका प्रबन्ध निर्देशक उत्सव पाठकले बताउनुभयो ।

"पर्यटकलाई यात्रामा निस्कनु अघि ढुक्क भएर बस्ने ठाउँको सुनिश्चित गर्न यसले सहयोग गर्छ, सजिलै, बिना झण्झट र होटल नपाएर रुमल्लिनुपर्ने अवस्थाको यसले अन्त्य गर्छ", प्रबन्ध निर्देशक पाठकले भन्नुभयो । यसमा होटलको बारेमा परिचय, कोठाअनुसारको मूल्य, कोठाको सजावट, ओछ्यान, फर्निचर, टेलिभिजन, वाइफाइ, कतिजना सुत्न सक्ने, सेवाका शर्त, शौचालयलगायतबारे तथा बास बस्ने स्थान वरिपरिको घुम्ने ठाउँको समेत सङ्क्षिप्त विवरण दिइएको छ ।

रेल, हवाई, बैंक, अस्पताललगायतका क्षेत्रमा ई बुकिङको संस्कृति मौलाइरहेको बेला डेढ वर्ष लगाएर यो वेभको विकास गरिएको होटल एण्ड होम प्रालिका अध्यक्ष सफ्टवेयर इन्जिनियर शैलेश कार्कीले बताउनुभयो । सुरुमा परीक्षणका रुपमा रहेकाले अनलाइन बुकिङमा अहिले दश प्रतिशत छुट दिइएको छ । "धैरै प्रकारका होटल हेरेर पर्यटकले चाहेको मूल्यका होटल रोज्न सक्छन्, होटलको सेवा, शर्तबारे क्षणभरमा थाहा पाउन सकिन्छ", अध्यक्ष कार्कीले भन्नुभयो । हालसम्म काठमाडौँ, भक्तपुर, नगरकोट, धुलिखेल, चितवन, बन्दीपुर, घान्द्रुक, लुम्बिनी, बुटवल, पोखरा, चरीकोटलगायतका प्रमुख पर्यटकीय सहरका तीनसय होटल यसमा आबद्ध भएको र यो क्रम जारी रहेको उहाँले जानकारी दिनुभयो । यसको एप्स भने दशैंपछि सार्वजनिक गर्ने योजना पाठक र कार्कीको रहेको छ ।

खासगरी नयाँ वर्ष, क्रिसमस, मेला महोत्सव वा ठूला सम्मेलन र सभामा कोठा पाउन असजिलो र झण्झटिलो हुने गरेको छ । स्वदेशी तथा विदेशी पर्यटकलाई नेपालभरिका प्रमुख पर्यटकीय गन्तव्यमा होटलमा कसरी बास पाउने भन्ने चिन्ताले पिरोल्ने गर्छ । "एक क्लिकमा ढुक्कले बास पाउने अवस्था होस् भनेर यो सेवा सुरु गरेका हौँ, यसबाट पर्यटकलाई सहज हुन्छ, नेपालको पर्यटन क्षेत्रको विकासका लागि नयाँ कामको थालनी गर्दैछौँ", अध्यक्ष कार्कीले भन्नुभयो ।रासस

# कोदोको प्रवर्द्धन गर्न मकवानपुरमा कोदो खेती सुरु



बागमती । नेपालमा घट्दै गएको कोदो उत्पादनलाई बढाउन भन्दै मकवानपुरका किसानले कोदोको प्रवर्द्धन सुरु गरेका छन् । विगतमा नेपालमा प्रशस्त मात्रामा उत्पादन हुने कोदोको हाल खेती हुन छाडेपछि राष्ट्रिय कृषक समूह महासङ्घको पहलमा यसको प्रवर्द्धन सुरु गरिएको हो । कोदोको उपयोगिता तथा पौष्टिक महत्व बुझेपछि जिल्लाका किसानले यसको खेती सुरु गरेका हुन् । जिल्ला समन्वय समितिका प्रमुख ललित घलानका अनुसार मकवानपुर विगतमा अत्याधिक मात्रमा कोदो उत्पादन हुने जिल्ला हो । फेरि पनि कोदोको उत्पादन बढाउनुपर्ने उहाँको भनाइ छ । "विदेशबाट कोदो आयात हुने क्रमलाई रोक्न सक्नुपर्छ । कोदोका विभिन्न परिकार तथा मदिरासमेत उत्पादन गरेर ब्राण्डिङ गर्नुपर्छ" उहाँले भन्नुभयो ।

हाल जिल्लाका किसानहरू स्वतः कोदो प्रवर्द्धनमा लागेका छन् । पदमपोखरी, भीमफेदी तथा हटिया हर्नामाडी, हाँडीखोलालगायतका क्षेत्रका किसानले कोदो रोप्न सुरु गरिएको छ । कोदोको प्रवर्द्धन गरेर यसका परिकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउनुपर्ने राष्ट्रिय किसान आयोगकी सदस्य तथा प्रवक्ता जीवन्ती पौडेलको भनाइ छ । कोदो आयात गर्नुपर्ने अवस्था आउनु कृषिप्रधान मुलुकका लागि दुर्भाग्यपूर्ण रहेकाले त्यो अवस्थाको अन्त्य गर्न आफू कोदो रोप्न अग्रसर भएको उहाँले बताउनुभयो । विदेशी मदिरालाई हतोत्साही गर्न कोदोको मदिरालाई वैधानिक तरिकाले उत्पादन गर्नुपर्ने उहाँको सुझाव छ ।

राष्ट्रिय समावेशी आयोगकी सदस्य विष्णु ओझा रैथाने बालीको संरक्षणमा राज्यले विशेष भूमिका खेल्नुपर्ने बताउनुहुन्छ । रैथानेबालीले यहाँको जनजीविकासँग विशेष महत्व राख्ने उहाँको भनाइ छ । कोदो देशका अल्पसङ्ख्यक तथा सीमान्तकृत जाति, समुदायको जीवनपद्धतिसँग जोडिएको अन्न भएकाले पनि यसको संरक्षण गर्दै उत्पादन बढाउनु पर्ने उहाँले बताउनुभयो ।

जिल्लाको पदमपोखरी, हटिया, हर्नामाडी, गढी, राईगाउँ, फापरबारी, भीमफेदी, पालुङजस्ता स्थानमा हजारौँ मुरी कोदो उत्पादन भएर निर्यात समेत हुने गर्थ्यो । अन्य नगदेबाली लगाउन थालेपछि कोदो खेती लगभग लोप हुने अवस्थामा पुगेको छ । नेपालमा लोप हुने अवस्था आए पनि विदेशबाट भने प्रशस्त मात्रामा आयात हुन थालेपछि नेपालमै उत्पादन बढाउने उद्देश्यले कोदोको खेती सुरु गरिएको भीमफेदीका किसान दीपक पुडासैनी बताउनुहुन्छ । "अहिले कोदो खेतीको पुन सुरु गरेका छौँ, आगामी दिनमा यसलाई वृद्धि गर्दै जाने लक्ष्य छ" उहाँले भन्नुभयो ।

जिसस प्रमुख घलानका अनुसार पदमपोखरी क्षेत्रमा कोदो, मकै र भटमास अत्यधिक मात्रामा उत्पादन हुने गर्थ्यो । समथल तर सिँचाइ सुविधा नहुनाले यहाँका किसानको पहिलो रोजाइँ कोदो हुने गरेकामा विस्तारै खानेपानीको धारालाई नै प्रयोग गरेर किसानले वैकल्पिक खेती सुरु गर्न थालेपछि यहाँका किसानले कोदो लगाउन छाडेका थिए । अब कोदोले राम्रो मूल्य पाउने अवस्था बनेकाले विस्तारै किसान आफैँले कोदो लगाउन सुरु गर्ने उहाँले बताउनुभयो ।

राष्ट्रिय कृषक समूह महासङ्घका अनुसार कोदो नेपालको धान, मकै र गहुँपछि चौथो महत्वपूर्ण अन्नबाली हो । यसलाई नेपालको पहाडी भेगमा मकैपछिको दोस्रो बालीको रूपमा लिइन्छ । यसलाई कम उर्वर क्षमता भएको रुखो तथा पाखोबारीमा समेत खेती गरेर उत्पादन लिन सकिने बालीको रूपमा लिइन्छ ।

कोदोका बारेमा जानकार उद्धव अधिकारीका अनुसार यस बालीमा रोग तथा कीराको प्रकोप कम हुन्छ । जलवायु अनुकूलनीय र वातावरणमैत्री अन्नबालीको रूपमा पनि यसलाई लिने गरिन्छ । उहाँका अनुसार कोदोको बिउलाई १५ वर्षसम्म पनि भण्डारण गरेर राख्न सकिन्छ । कोदो समुद्री सतहदेखि ३०० मिटरको उचाइदेखि ती हजार मिटरसम्मको उचाइमा यसको खेती हुन्छ । नेपालमा मनाङ र मुस्ताङ बाहेक सबै जिल्लामा कोदोको खेती हुने राष्ट्रिय कृषक समूहका अध्यक्ष नवराज बस्नेत बताउनुहुन्छ । राष्ट्रिय कृषक समूहका अनुसार ७० भन्दा बढी देशको समर्थनमा संयुक्त राष्ट्र सङ्घले सन् २०२३ लाई अन्तर्राष्ट्रिय कोदो वर्षको रूपमा मनाउने घोषणा गरेको छ ।

कोदो पौष्टिकताको हिसाबले विश्वको महत्वपूर्ण बाली रहेको कोदोका जानकार बताउँछन् । रेसा, क्याल्सियम, फसफोरस, फलाम, लवण, अमिनोएसिडलगायत शरीरलाई अत्यावश्यक पर्ने पौष्टिकताले भरिपूर्ण कोदोको सेवनले रगतमा बोसो र कोलेस्टोरोल घटाउने तथा चिसो लाग्नबाट जोगाउने राष्ट्रिय कृषक समूहका पूर्वअध्यक्ष समेत रहनुभएका उद्धव अधिकारी बताउनुहुन्छ । उहाँका अनुसार कोदोलाई "हिमालयन सुपर फुड" को रूपमा लिइन्छ ।

उहाँ भात मात्रै खाने संस्कृतिलाई न्यूनीकरण गरी खाद्य विविधता र पोषण सुरक्षामा नयाँ आयाम सुरुआत गर्न कोदोको प्रवर्द्धन आवश्यक रहेको बताउनुहुन्छ । राष्ट्रिय कृषक समूहका अध्यक्ष नवराज बस्नेत अहिलेको सुअन्न भनेर चिनिने खाद्यान्नभन्दा अब्बल गुण कोदोमा हुने बताउनुहुन्छ । जिल्लामा दोस्रो कोदो दिवसको अवसर पारेर यही साउन १५ गते कोदोको महत्व र उपयोगिताका बारेमा राष्ट्रियस्तरको कार्यक्रम समेत आयोजना गरिएको थियो । राष्ट्रिय कृषक समूह महासङ्घ, नेपाल, कृषि पत्रकारहरूको संस्था अनाज नेपालको संयुक्त पहलमा कोदो दिवस मनाउन सुरु गरिएको हो ।रासस

# थाइल्याण्डमा नेपाल प्रवर्द्धन

काठमाण्डु । प्यासिफिक एसिया ट्राभल एशोसिएशन (पाटा) नेपाल च्याप्टरले थाइल्याण्डमा 'नेपाल सेल्स मिशन २०२२' मार्फत नेपालको गन्तव्यको प्रवर्द्धन गरेको छ । थाइल्याण्डको राजधानी बैंककमा आयोजित कार्यक्रममा नेपालका ११ बिक्रेता पर्यटन व्यावसायिक कम्पनी र थाइल्याडका ४५ भन्दा बढी टुर अपरेटरलगायत करिब ८० जना सरोकारवालाको सहभागिता आयोजना गरेको हो । कोभिड-१९ महामारीपछिको पर्यटन पुनःरुत्थान अभियानअन्तर्गत विदेशी स्रोत बजारमा गएर पहिलो पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना गरिएको पाटा नेपालले जनाएको छ । पाटा नेपालका पदाधिकारीसहित २० पर्यटन व्यवसायीको प्रतिनिधिमण्डलले अगष्ट २ देखि ४ गतेसम्म थाइल्याण्डको सोङखलामा आयोजना हुने छैटौं पाटा डेस्टिनेसन मार्केटिङ फोरममा




रहेको थियो । 'बीटुबी शत्र' औपचारिक समारोह र नेटवर्किङ डिनर रिसेप्सन भव्यताका साथ सम्पन्न भएको पाटा नेपालले विज्ञप्तिमार्फत जनाएको छ ।

पाटा नेपालले थाइल्यान्डस्थित नेपाली राजदूतावास, नेपाल एयरलाइन्स, पाटा अन्तर्राष्ट्रिय र पाटा थाइल्याण्ड च्याप्टर, थाई ट्राभल एजेन्ट्स एशोसिएशन, एसएस ग्रुप थाइल्याण्ड, नेपाली उद्योग परिसङ्घ (सिएनआइ) र जावलाखेल ग्रुप अफ इन्डस्ट्रिजसँगको सहकार्यमा नेपाल सेल्स मिसन समेत सहभागिता जनाएको छ ।

कार्यक्रममा थाइल्याण्डका लागि नेपालका राजदूत गणेशप्रसाद ढकालले थाई ट्राभल एजेन्टस तथा आगन्तुकलाई सहज भिसा सेवा, नेपाल भ्रमणको सम्बन्धमा जानकारी तथा अन्य आवश्यक सहयोग प्रदान गर्ने नेपाली दूतावासले सक्रिय भूमिका निर्वाह गर्ने बताउनुभयो । नेपालको पर्यटन क्षेत्रका आकर्षणका बारेमा प्रकाश पार्दै उहाँले नेपालको पर्यटन प्रवर्द्धनमा सहकार्य गर्न सहभागीलाई आग्रह पनि गर्नुभयो ।

पाटा अन्तर्राष्ट्रियकी प्रमुख कार्यकारी निर्देशक लिज ओर्टिगेराले महामारीपछिको पर्यटन प्रवर्द्धनका लागि आफू पहिलोपटक सहभागी हुन पाएकोमा खुसी व्यक्त गर्दै पाटा च्याप्टरहरूबीचको सहकार्य तथा समन्वयमार्फत नेपालको पर्यटन प्रवर्द्धनमा पाटा नेपाल च्याप्टरको उच्च सक्रियताको प्रसंशा गर्नुभयो । उहाँले नेपाललगायत विश्वभरका पाटा सदस्य संस्थाहरू तथा गन्तव्यको पर्यटन पुनःरुत्थान एवं प्रवर्द्धनमा पाटाले आफ्नो स्रोत र विशेषज्ञता उपलब्ध गराउने विश्वास व्यक्त गर्नुभयो ।

सीएनआइका महानिर्देशक दीपकराज जोशीले नवीनतम अद्यावधिक र जीवन्त अनुभव प्रदान गर्ने गन्तव्यको रूपमा नेपालको आकर्षणका बारेमा विस्तृत जानकारी प्रस्तुत गर्नुभयो । उहाँले थाई ट्राभल एजेन्टले नेपालसँग जोडिएर कसरी फाइदा लिन सक्छन् भन्ने विषयमा समेत अवधारणा प्रस्तुत गर्नुभएको थियो ।

पाटा नेपालका अध्यक्ष विभूति चन्द ठाकुरले विश्वव्यापी महामारीले दुई मित्रराष्ट्र नेपाल र थाइल्याण्डबीचको पर्यटन आदानप्रदानलाई प्रवर्द्धन गर्न सार्वजनिक तथा निजी क्षेत्रका सबै सरोकारवालालाई पर्यटन क्षेत्रको पुनःरुत्थान तथा दिगो विकासका लागि हातेमालो गरेर अगाडि बढ्न आग्रह गर्नुभयो । उहाँले बैंककमा आयाजित नेपाल सेल्स मिशन नवनिर्मित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र यसको दिगो पर्यटन विकासका लागि नयाँ बाटो र अवसरको प्रवर्द्धन गर्दै महामारीपछिको पर्यटन पुनःरुत्थान अभियानमा सहयोग पुऱ्याउन समयसापेक्ष र फलदायी पहल भएको विश्वास व्यक्त गर्नुभयो ।रासस

# नारच्याङमा चिस्यान गृह

म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा फलफूल र तरकारी भण्डारण गर्ने चिस्यानगृह निर्माण भएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुन्तलाको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) कार्यक्रमको सहयोगमा न्यू अन्नपूर्ण कृषि तथा पशु मल्टी एग्रोले चिस्यानगृह बनाएको हो ।

कृषि फार्मका सञ्चालक प्रेम गुरुङले १० हजार किलोग्राम तरकारी र फलफूल भण्डारण गरेर राख्न सकिने क्षमताको चिस्यानगृह बनाएको बताउनुभयो । "यस क्षेत्रका कृषकले उत्पादन गरेका सुन्तला जात फलफूल र तरकारीलाई भण्डारण तथा बजारीकरणका लागि चिस्यानगृह बनाइएको हो", उहाँले भन्नुभयो, "बेमौसममा बढी मूल्य पार्न सकिनुका साथै बजार नपाउने समस्या पनि हट्ने अपेक्षा गरेका छौं ।"

सुन्तलालाई दुई महिना, स्याउलाई पाँचदेखि छ महिना भण्डारण गरेर राख्न सकिने गुरुङले बताउनुभयो । माघ-फागुनमा नारच्याङ, दाना, भुरुङ, तातोपानी, घार, हिस्तानमा उत्पादन भएको सुन्तला र भदौ-असोजमा मुस्ताङको स्याउ भण्डारण गर्ने योजना छ । चिस्यानगृहको भवनमा फलफूल र तरकारीलाई ताजा बनाइराख्ने अनुकुलित हावापानी बनाउने उपकरण जडान गरिएको छ । बेमौसममा सुन्तला र स्याउ बिक्री गर्दा दोब्बर मूल्य पारेर बढी आम्दानी लिन सकिन्छ । रासस

# तनहुँमा तोरी पेल्ने मिल विस्थापित हुने अवस्थामा

तनहु । कुनै समयमा रातभर जाग्रम बसेर तोरी पेलिन्थ्यो । बोराका बोरा तोरी पेल्न बिहानदेखि रातिसम्म खटिनुपर्थ्यो तर अहिले तोरी पेल्ने काम एकादेशको कथा जस्तो बन्न पुगेको बताउनुहुन्छ, व्यास नगरपालिका-४ का आशकुमार श्रेष्ठ । विसं २०३२ मा करिब रु ४० हजार लगानी गरी सदरमुकाम दमौलीमा तोरी मिल सञ्चालन गर्नेमा उहाँ पहिलो नै व्यक्ति हुनुहुन्छ ।

अन्य महिनामा बीस/पच्चीसजना मानिस दैनिक तोरी पेल्न आउने गरे पनि वर्षायाममा मुस्किलले दुई/तीन जना हुने गरेको सञ्चालक श्रेष्ठ बताउनुहुन्छ । युवा जनशक्ति वैदेशिक रोजगारीमा, छोरीबुहारी छोराछोरी पढाउन सहरमा र बुढाबुढी मात्रै गाउँ रहेका कारण तोरी खेतीतर्फ आकर्षण कम भएको उहाँको भनाइ छ ।

पहिला पहिला बिहानदेखि रातिसम्म ८/९ मुरी तोरी पेल्नको लागि चार जनशक्ति राख्ने गरिएकामा अहिले मुस्किलले दुई जना छन् । रासस

## भूमि सुधार तथा मालपोत कार्यालय, सर्लाही

## ३५ दिने सार्वजनिक सूचना

जिल्ला सर्लाही साविक गा.वि.स जब्दी वडा न-९ हाल लालबन्दी नगरपालिका वडा न-१७ मा बस्ने कुलमान थिंङलाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही साविक गा.वि.स रानीगंज वडा न न-२ हाल लालबन्दी नपा वडा न-१७ मा बस्ने देवता महाकालीको नाउँमा दर्ता कायम रहेको जि.स गाविस जब्दी वडा न-९ च कि.न ३२ को ज.वि ०-१८-०५ जग्गाको मोही महलमा रहेको कुलमान थिंङको नाम जग्गा नजोतेको मरुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा यस कार्यालयबाट जारी भएको १५ दिने म्याद मिति २०७९/०३/११ तामेल भइ हक दावी सूचना मिति २०७९-४-१८ आदेश बमोजिम यो सूचना जारी गरिएको छायो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफु वा ऐन बमोजिमको र प्रमाण सहित वारेश पठाउनु होला ।नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही नामसारी तथा बाँडफाँड तर्फको कार्यवाही भै जाने ब्योहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ ।

पछि तपाईंको उजुर बाजुर लाग्ने छैन।

Madhesh Province Government

## Ministry of Social Development

## Province Public Health Laboratory

**Janakpurdham, Dhanusha**

## Invitation for Electronic Bids

## Procurement of Supply, Delivery and Installation of Microwave Based Integrated Waste Management System

**Contract Identification No.- PPHL2/G/NCB/03/2079-80**

**First Date of Publication: 20th Shrawan, 2079 (August 5, 2022)**

1. The Province Public Health Laboratory, Madhesh Pradesh invites electronic bids from eligible bidders for the procurement of Supply , Delivery and Installation of Microwave Based Integrated Waste Management System Under National Cpmpetitive Bidding.
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Province Public Health Laboratory, Madhesh Pradesh, Janakpurdham, Tel:041-590267, Email: pphl2janakpur@gmail.com or Website: www.pphl.p2.gov.np or may visit www.bolpatra.gov.np/egp
3. The Bid is in Package and Evaluation will be done in Package.
4. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| | |
|---|---|
| **Name of Bank:** | Rastriya Banijya Bank , Janakpurdham |
| **Name of Office** | Province Public Health Laboratory ,Madhesh Pradesh , Janakpurdham |
| **Office Code No:** | 3500617012 |
| **Office Account No:** | 1000200010000 |
| **Revenue Head No:** | 14229 |
| **Office Account No** | 1220100202030000 |
| **Name Of Account** | Pradesh Lekha Niyantrak karyalaya,Madhesh Province , Janakpurdham |

5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Province Public Health Laboratory, Madhesh Province-,Janakpurdham, on or before 12:00 (noon) on 19th Bhadra 2079 (4th September 2022). Bids shall be opened in the presence of Bidders representatives who choose to attend on 2:00 pm on 19th Bhadra 2079 (4th September 2022) at office of Province Public Health Laboratory,Madhesh Province-,Janakpurdham.
6. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063.Public Procurement Regulations-2064 and their amendment.

| S. N. | Contract Identification No. | Description of Items | Cost of Bidding document (NRs) | Amount of Bid Security (NRs) | Bid Validity |
|---|---|---|---|---|---|
| 1 | PPHL2/G/ NCB/ 03/2079-80 | Supply, Delivery and Installation of Microwave Based Integrated Waste Management System | 3,000 | 5,50,000.00 | 120 days |

**Director**

# बाढीको अवस्था नियन्त्रणमा

टुडे समाचारदाता



राजविराजाछिमेकी जिल्ला उदयपुरमा आएको बाढीलाई लक्षित गरी सप्तरी प्रशासनले तटीय क्षेत्रकाबासिन्दालाई बाढीबाट जोगिने उपाय अवलम्बनका लागि आग्रह गरेको छ।

सुरक्षित स्थानमा बस्न तथा सप्तकोसीमा माछा मार्न, दाउरा संकलन गर्न र नुहाउन लगायतका काम हाल नगर्न प्रशासनले आग्रह गरेको हो।

बाढीको बारेमा कोसी तटीय क्षेत्र आसपासका बासिन्दामा त्रासको वातावरण रहेपनि पानीको सतह घट्दै गएका कारण आतिहाल्नु पर्ने अवस्था नरहेको सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिए।

बिहीबार संचारकर्मीसितको कुराकानीका क्रममा उनले भने, हिजोको तुलनामा बिहीबार कोसीको पानी घट्दै गएको छ, आतिने अवस्था छैन् । उनले हालसम्म कोसीमा पानीको सतह बढ्दा हनुमाननगर कंकालिनी नगरपालिका-१३ को विकट गाउँ गोबरगाढामा एक सामुदायिक भवन र एक विद्यालयमा कटान गर्ने बाहेकजिल्लामा अन्य कतै कुनै प्रकारको क्षति नभएको बताएका छन्। उनले उदयपुरको बेलका नगरपालिकामा अघिल्लो दिन अस्थायी बाँध कटान गरेर कोसीको पानी पसेपछि सम्भावित जोखिमलाई मधयनजर गरी आफूले जोखिम क्षेत्र मानिएको कंचनरुप, सप्तकोसी र हनुमाननगर कंकालिनी नगरपालिकाको विभिन्न वडाको स्थलगत अनुगमन गरेर फर्केको जानकारी दिँदै गोबरगाढाका बासिन्दाहरु पनि सबै सुरक्षित अवस्थामा रहेको बताएका छन्।

छिमेकी जिल्ला उदयपुरमा कोसीको बाढीले अस्थायी बाँध भत्काएपछि सप्तरीमा पर्नसक्ने असर र सम्भावित जोखिमपूर्ण क्षेत्रमा नियन्त्रण र व्यवस्थापनका लागि ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

# विकासमा अनियमितताको कारक तत्व न्यूनतम ठेक्का हो : मुख्यमन्त्री राउत

टुडे समाचारदाता

वीरगञ्ज । मुख्यमन्त्री लालबाबु राउतले ठेकेदारहरुले न्यूनतममा ठेक्का सकारेको कारण विकास निर्माणमा अनिमितता हुने गरेका बताएका छन्।

वीरगञ्जको नगवामा निर्माण हुने सडकको शिलान्यास कार्यक्रममा मुख्यमन्त्री राउतले टेन्डर सकार गर्दा ठेकेदार कम्पनीहरुले ३० देखि ३५ प्रतिशतसम्म न्यूनतममा ठेक्का लिने गरेको कारण विकास निर्माण अनियमितता हुने गरेको बताएका हुन्।

बिहीबार आयोजित शिलान्यास कार्यक्रममा उनले आफू जितेको चुनावी क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको बताउँदै वीरगञ्जको नगवामा मन्दिर निर्माण देखि पोखरी सौन्दर्यकरण लगायत विभिन्न सडकहरुमा यसबर्ष पनि वजेट निकासा गरेको बताए।

मधेश प्रदेश सरकारले लागु गरेको नगवाको पोखरी सौन्दर्यकरण निर्माणकार्यमा भइरहेको ढिलाइ बारे बोल्दै मुख्यमन्त्री राउतले कम भन्दा कममा ठेक्का लिने र त्यसपछि ठेकेदार गायब हुनेगरेकोले पनि विकास निर्माण कार्यमा ढिलाइको हुनका साथै अनियमितता समेत हुनेगरेका उनले बताए।

सरकारले प्रत्येक प्रदेश संसदीय क्षेत्रमा ५ किलो मिटर सडक निर्माण योजना यो बर्ष लागु गरेको छ। उक्त योजना अन्तर्गत वीरगञ्जको लक्ष्मणवा,भिष्वा, नगवादेखि इनर्वासम्मको ५ किलो मिटर सडक निर्माणको शिलान्यास कार्यक्रममा उनले आफू जितेको क्षेत्रमा अत्यधिक विकास निर्माणका कार्यक्रमहरु लागु गरिएकोले पुन आफूलाई चुनावमा जिताउन अनुरोध गरे।




६ करोड ५३ लाख ६८ हजारको लागतमा निर्माण हुने उक्त परियोजनाको ठेक्का सिवाको कन्स्ट्रक्सन प्रालि काठमाण्डुले लिएको छ। पूर्वाधार विकास कार्यालयको अनुगमनमा निर्माण हुने उक्त सडक निर्माण कार्यको अन्तिम समय आगामी बर्षको पुस मसान्त सम्म रहेको छ।

# आगलागीवाट लाखौंको क्षति

टुडे समाचारदाता

जलेश्वर। महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिका-२ मोहन पुरमा आगलागी हुँदा लाखौं मूल्य बरावरको क्षति भएको छ।

स्थानीय झगरु खानको फुसको २ कोठामा रहेको गोठ घरमा आगलागी हुँदा उक्त गोठमा रहेको काठको दाउरा, भुस, पराल समेत जलेर करिव तीन लाख २५ हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

सो आगलागीवाट मानवीय चौपाया क्षति नभएको र आगलागी नेपाल प्रहरी, बारुण यन्त्र र स्थानीयको सहयोगमा नियन्त्रणमा लिइएको थियो।

# फरार प्रतिवादी पक्राउ

टुडे समाचारदाता

मलंगवा। नागरिकता मुद्दामा फरार प्रतिवादी पक्राउ परेका छन्। जिल्ला अदालत सर्लाहीले नागरिकता किर्ते मुद्दामा तीन बर्ष कैद र २५ हजार जरिवाना भई फरार रहेका प्रतिवादी चक्रघट्टा गाउँपालिका-८ औरही बस्ने ५० बर्षीय आवास खानलाई प्रहरीले पक्राउ गरेको छ। खानलाई गस्तीमा खटिएको प्रहरी टोलीले सोही गाउँपालिकाको औरही गाउँको चोकवाट नियन्त्रणमा लिएको थियो।

पक्राउ परेका खानलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

# प्रहरी चौकी भवन उद्घाटन

टुडे समाचारदाता

रौतहट। मधेश प्रदेशका गृह तथा सञ्चार मन्त्री भरत प्रसाद साहले बिहीबार रौतहट स्थित निर्मित प्रहरी चौकी भवनको उद्घाटन गरेका छन्।

मन्त्री साहले फतुवा विजयपुर नगरपालिका -१० दुधिअवा प्रहरी चौकीको कम्पाउण्ड, मेस, बाथरुम, तथा मोटरसाइकल ग्यारेज भवनको उद्घाटन गरेका हुन्।

मधेश प्रदेशको आन्तरिक मामिला तथा संचार मन्त्रालयको कुल ४० लाख ७१ हजार रुपैंयाको लागतमा निर्माण भएको हो।

सो अवसरमा उनले रौतहटबासीको शान्ति सुरक्षामा कुनै कसर बाँकी नराख्न प्रहरीलाई निर्देशन दिएका थिए।

मन्त्री साहले प्रहरी र जनताबीच नङ मासुको सम्बन्ध रहेको तथा प्रहरीले सर्वसाधारणहरुको जिउ धनको सुरक्षाका लागि अहोरात्र खटिनुपनेमा पनि जोड दिए।



यसैगरी प्रहरीप्रति आमनागरिकको आस्था, विश्वास र भरोसाको साथै राष्ट्रको प्रतिष्ठा समेत जोडिएकाले प्रहरी कर्मचारीले आफ्नो व्यवसायिकता प्रदर्शन गर्दै सदैव ईमान्दार, कर्तव्यनिष्ठ र उच्च मनोवलका साथ कार्य गर्नुपर्ने उनले बताए।

कार्यक्रममा रौतहटका प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाहीले रौतहटबासीको जिउ धनको सुरक्षा गर्न आफूहरु कुनै कसर बाँकी नराखेको जानकारी दिए।

जिल्ला बासीको शान्ति सुरक्षा र अपराध नियन्त्रणको लागि प्रहरीको महत्वपूर्ण भूमिका रहेको र आउँदो दिनमा पनि रहने प्रमुख जिल्ला अधिकारी शाहीले बताए।

कार्यक्रममा नेपाल प्रहरीका प्रहरी उपरीक्षक वीर बहादुर बुढा मगर, सशस्त्र प्रहरी उपरीक्षक ध्रुव बहादुर कार्की,इलाका प्रहरी कार्यालय विजयपुरका इन्सपेक्टर सुरेन्द्र धमला, फतुवा विजयपुर नगरपालिकाकी कार्यवाहक मेयर अमबेया खातुन सहितका जनप्रतिनिधि एवं अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो।

# तराईका जिल्लाहरुमा सर्पदंशमा वृद्धि

टुडे समाचारदाता

जनकपुरधाम । अधिक गर्मी र वर्षाको पानीले दुलोहरु पुरिएपछि विषालु सर्पहरु बाहिर निस्किने गरेकाले सर्पदंशको घटनाको वृद्धि भएको छ।

प्रादेशिक अस्पाताल जनकपुरमा औसत रुपमा दैनिक ६ जनाको दरले सर्पदंशका बिरामी उपचारको लागि आउने गरेका छन्।

प्रादेशिक अस्पताल जनकपुरका इमरजेन्सीमा कार्यरत चिकित्सक डा.मुकेश यादवका अनुसार सर्पदंशका बिरामी दैनिक ५ देखि ६ जनाको दरले उपचारको लागि आउने गरेका छन्।

गत असार महिनामा १ सय ५० जना सर्पदंशका बिरामी उपचारको लागि आएको प्रादेशिक अस्पताल जनकपुरले जनाएको छ। तराई मधेशका जिल्लाहरुमा प्रत्येक वर्ष जेठ महिनादेखि असोज महिना सम्म विषालु सर्पको बिगबिगी हुने गरेको र यी महिनाहरुमा सर्पदंशका बिरामी बढी आउने गरेको डा.यादवले बताए।

प्रादेशिक अस्पताल जनकपुरमा उपचारका लागि आउने अधिकांश सर्पदंशका बिरामी निको भइ घर फर्किने गरेको जनाइएको छ।

समयमा स्वास्थ्य उपचार नगराई धामीझाक्रि कहाँ झारफुको लागि जाने र बिरामीको अवस्था नाजुक भएपछि मात्रै आउने विरामीलाई उपचार गर्न कठिनाई हुन्छ।'

गाउँघरमा अझैपनि विभिन्न अन्धविश्वासका कारण सर्पदंशका विरामीलाई धामीझाक्रि कहाँ लगिने गरेको घटनाहरु हुँदै आएको छ।

# पूर्ण सुरक्षित मातृत्व उपमहानगरपालिका बनाउन प्रतिवद्धता

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधाम उपमहानरपालिकाले सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य सम्बन्धमा ७ बुदे प्रतिवद्धता जनाएको छ।

मधेश प्रदेशको स्वास्थय निर्देशनालय, युएन एफ पिएको संयुक्त आयोजना 'सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य रोडम्याप पैरवी' कार्यक्रममा जनकपुरधाम उपमहनगरपालिकाले प्रतिवद्धता व्यक्त गरेको हो।

पूर्ण सुरक्षित मातृत्व उपमहानगरपालिका बनाउन यसका सूचकहरुलाई सुधार ल्याउने, गर्भवती तथा सुत्केरी महिलाहरु सम्म गुणस्तीय स्वास्थ्य सेवा पुर्‍याउन उपमहानगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा मानवीय स्रोत,उपकरण औषधि,पिउने पानी र सरसफाई लगायतका अन्य



सेवाहरु सुनिश्चत गर्न गराउन काम गर्ने प्रतिवद्धता गरिएको छ।

त्यसैगरी, स्वास्थ्य संस्था तथा अस्पतालमा सुत्केरी गराउनका लागि प्रोत्सहित गर्ने, परिवार नियोजनका पाँच वटै आधुनिक साधनहरु सबै स्वास्थ्य संस्थामा नियमित उपलब्ध गराउने,मातृ तथा शिशु मृत्युदर शून्य गर्न विभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, गर्भवती तथा सुत्केरी सेवाका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने तथा पूर्ण सुरक्षित मातृत्व उपमहानगरपालिका बनाउन उपमहानगरपालिकाले वार्षिक वजेटमा रकम विनियोजन गर्न सहितका प्रतिवद्धता गरिएको छ।

कार्यक्रममा उपमहनगरपालिकाका नगर प्रमुख मनोज साह,वडा नम्बर १० अध्यक्ष मिथिलेश कर्ण, युएन एफ पिएका मधेश प्रदेश प्रमुख नरेन्द्र कुमार मिश्र, स्वास्थ्य कार्यालय धनुषाका शिवजी दास, स्वास्थ्य निर्देशनालयका स्वास्थ्य अधिकृत कृष्णदेव यादव सहितको सहभागिता रहेको थियो।

# आमा र बच्चाको हत्या भएको आरोप

टुडे समाचारदाता

रौतहट । ५ महिने गर्भवती महिलालाई विभिन्न बहानामा कुटपिट गरी आमा र बच्चाको हत्या गरिएको आरोप लगाइएको छ।

बारा जिल्लाको पचरौता न.पा-९ कुडवा टोलका हरेन्द्र प्रसाद साहकी २१ बर्षीय छोरी पुनम साहलाई विगत ५ वर्ष अघि सामाजिक परम्परा अनुसार रौतहटको मौलापुर न.पा.-७ टोल संगैयाका सियाराम साहका छोरा रवीन्द्र साहसंग विवाह भएको थियो।

रिपोर्टर्स क्लब नेपाल रौतहट शाखाको साक्षात्कार कक्षमा बिहीबार पत्रकार सम्मेलनमा मृतक पुनम २ वर्ष अधि गर्भवती भएकी वेला श्रीमान पक्षले अल्ट्रासाउण्ड गराई, गर्भमा रहेको बच्चा छोरी भएको जानकारी हुनासाथ मृतकलाई डरत्रास, धम्कीदिइ सो गर्भ पतन गर्न लगाएको थियो तर त्यस बेला पनि मृतक साहले आफ्नो गर्भमा रहेको बच्चा पतन गर्न नमाने पनि ससुराली पक्षहरुले जवर्जस्तीमा गराएको पीडितले बताएका छन्।

हाल दोश्रो पल्ट गर्भवती भएको बिषय खुशी हुँदै आफ्नो श्रीमानलाई पुनमले बताए त्यसपछि पुनमको गर्भ भित्र के छ भनेर अल्ट्रासाउण्ड गराउन लगेपछि छोरी भएको थाहा पाई ससुरा पक्षले गर्भ तुहाउन दबाब दिन थाले तर पुनमले




इन्कार गरे पछि ससुरा, सास र श्रीमान तथा घरको अन्य सदस्यहरुले लछार पछाड़ गरी सामूहिक हत्या गरी पछि पासो लगाई झुन्डयाइ दिएका थिए।

यही साउन १५ गतेका दिन बिहान लगभग ८ देखि १० बजे भित्रमा हत्या गरी हामी माईती पक्षलाई राति ८ बजे १० घण्टाको अन्तरालमा जानकारी आए पश्चात हेर्न जादा बहिनी पुनम समक्ष हामीलाई प्रहरी र ससुरा पक्षका व्यक्तिहरुले पुग्न दिएन। मेरो बहिनीको झुन्डिएको अवस्था बनाई हामीलाई शवलाई पोष्टमार्टम गरेको समेत हेर्न दिएन भनि मृतकका दाई पन्नालाल साहले पत्रकार सम्मेलनमा बताए।

बहिनीलाई हत्या गरिएको ४ दिन वित्न लाग्दा पनि न्यायका लागि हामीले जिल्ला प्रहरी कार्यालय गौरको रौतहटमा धाउदा पनि न्याय नपाएको अवस्था नदेखिएको हुदा पीडित पक्षले गुनासो व्यक्त गरेका छन।

मृतक अवस्थामा बहिनीको जिउमा नाईटी लुगा रहेको थियो तर १० घण्टाको भित्रमा फरक–फरक ३ किसिमका लुगा फेरिएकोले यो आत्महत्या होईन मेरो बहिनीको हत्या नै भएको पुष्टि हुँदाहुँदै ससुरा पक्षको प्रहरी प्रशासनमा राजनीतिक ठूलो पहुँच भएको कारण हामीले जिल्ला प्रहरी कार्यालय गौरमा मुद्दा लिएर जाँदा कुनै प्रकारको सुनुवाई नभएको मृतकको दाई साहले बताएका छन्।

# गठबन्धन सरकारका कारण मधेशीको एउटा माग पुरा भयो : राज्य मन्त्री यादव

टुडे समाचारदाता

रौतहट । भूमि व्यवस्था कृषि तथा सहकारी राज्य मन्त्री योगेन्द्र राय यादवले पाँच दलीय गठबन्धन सरकारका कारण मधेश र मधेशी जनताको माग पुरा भएको बताएका छन्।



राज्य मन्त्री यादवले केहीदिन अघि मात्र सरकारले मधेशीको प्रमुख मुद्दा मध्ये एक नागरिकता सम्बन्धी विधेयक संसदबाट पारित गरी मधेशी जनताको माग पुरा गरिदिएको बताएका छन्।

रौतहटको माधवनारायण नगरपालिका-८ खड्की रजवडामा बिहीबार जनता समाजवादी पार्टीद्धारा आयोजित वडास्तरीय भेलामा राज्य मन्त्री यादवले नागरिकता विधेयक सदनबाट पास भएसँगै मधेशले निरन्तर उठाउँदै आएको मुद्दा सम्बोधन भएको बताए।

लोकतन्त्र,गणतन्त्र एवं संघीयता विरोधी पार्टी नेकपा एमाले कुनै पनि हालतमा नागरिकता विधेयक पारित नहोस भन्ने चाहेको भएपनि जसपा सहितको पाँच दलिय गठबन्धन सरकारले सो विधेयक पास गरी छाडेको उनले बताए।

नागरिकता विधेयकको खुलेर विरोध गर्नेदेखि लिएर त्यसको विरुद्धमा मतदान गर्ने तथा मधेशी जनताको भावनासंग खेलवाड गर्ने नेकपा एमालेका नेताहरुलाई आउँदो मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभाको निर्वाचनमा मधेशीले राम्ररी सबक सिकाउनुपर्ने धारण उनले राखे।

मधेशीलाई अधिकार दिन नचाहने एवं मधेश र मधेशी जनताको विरोधी एमालेका उम्मेदवारलाई आउँदो निर्वाचनमा साथ नदिन आग्रह गर्दै राज्य मन्त्री यादवले मधेशीको हक अधिकारका लागि सधै लड्ने एक मात्र पार्टी जसपालाई बहुमत सहित जिताउन सबैलाई आग्रह गरे।

कार्यक्रममा माधवनारायण नगर उपप्रमुख निर्मला देवी, वडा अध्यक्ष दिलीप यादव सहित जसपाका नेताहरु राजिव यादव, संजिव यादव, शम्भु यादव, विर्भन राय, तपशी यादव, पारस भण्डारी लगाएत नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो।

## चटयाङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने,

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८